Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

## १२१

## पू

## र्णा

## ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

का.मे.अ.द.नं १५५/२४९

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

– बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

३१ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

१ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ७५।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

## विषयसूची


| | | |
|---|---|---|
| १. नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ४ खण्ड | – महेशराज पन्त | १-१४ |
| २. कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको कोष यसो हेर्दा | – महेशराज पन्त | १५-२८ |
| ३. लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची | – महेशराज पन्त | २९-४१ |
| ४. पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूसँग सम्बद्ध ११ वटा पत्रका फ्याक्सिमिलि | – महेशराज पन्त | ४२-६२ |



## हाम्रा बिक्रीमा भएका कृति

| | |
|---|---|
| १. *अभिलेख-संग्रह* (१-१२ भाग)* | २००।- |
| २. *आदर्श, ए सप्लिमन्द् टु पूर्णिमा, द जरनल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या) | ५५०।- |
| ३. *इतिहास-संशोधन* (१-६८ सङ्ख्या)* | ३५०।- |
| ४. *इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ* | ५।- |
| ५. *इनेप्ट् स्पेसिमिन् ?* | २०।- |
| ६. *कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)* | ५०।- |
| ७. *गोरखाको इतिहास* (१-४ भाग) | ५००।- |
| ८. *त्रिकोणमिति* | २५।४० |
| ९. *नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य* | ५।- |
| १०. *पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या) | ३०।- |
| ११. *पं. गोपाल पाँडे र उनको घनमूल त्याउने रीति* | १६।४० |
| १२. *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा* | ८०।- |
| १३. *पूर्णिमा* (१-१२१ पूर्णाङ्क)* | ४२१०।- |
| १४. *प्राचीन गणित र नवीन गणितको तुलना* | १५।- |
| १५. *रत्नदीप* | २।५० |
| १६. *रत्नदीप* १ भाग | १०५।- |
| १७. *रत्नदीप* २ भाग | ९२।- |
| १८. *लिच्छवि-संवत्को निर्णय* | १००।- |
| १९. *विद्या-रत्न* (१-१५ सङ्ख्या)* | ५०।- |
| २०. *विश्रान्ति* | ८२।- |
| २१. *वृत्तशतक* | ३।- |
| २२. *व्याकरण-संशोधन* (१-१० सङ्ख्या)* | ३५।- |
| २३. *श्री ३ महाराज पद्मशमशेरका कुरा* | १२।- |
| २४. *सावधान-पत्र* (१-३१ सङ्ख्या)* | १००।- |
| २५. *हिन्दू सिद्धान्तज्योतिष र ग्रीक सिद्धान्तज्योतिषको तुलना* | २९।- |
| २६. *हृद् ढिद् अंशुवर्मन् राइट् ?* | ४०।- |

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन् ।

## हाम्रा कृति पाइने ठेगाना

**संशोधन-मण्डल**
२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल- samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

यीबाहेक तलका ठेगानामा यी कृति पाइन्छन् –

**साझा प्रकाशनका सबै पसलमा**

**हिमालयन बुक सेन्टर**
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

**वज्र बुक शप**
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट- www.vajrabooks.com.np

**रत्न बुक डिष्ट्रिब्यूटर्स**
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

**रत्न पुस्तक भण्डार**
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०


CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

# नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल

## ४ खण्ड

[वि.सं. २००७ कार्तिक २२ गते श्री ५ ज्ञानेन्द्रको सिंहासनारोहण भएदेखि वि.सं. २००८ को अन्त्यसम्मका घटनालाई लिएर नयराज पन्त (वि.सं. १९७०-२०५९)ले प्राञ्जल संस्कृतमा कहीं गद्यमा कहीं पद्यमा लेखेको डायरी **यो शताब्दीको सबैभन्दा अग्लो नेपाली**[1]ले कसरी नेपालको प्रजातन्त्रारम्भ हेरेका रहेछन् भनी बुझ्न अत्यन्त काम लाग्छ । यस डायरीको केही अंश[2] छापिइसकेको छ र छापिइसकेको भागमध्ये धेरैको नेपाली उल्था[3] पनि प्रकाशमा आइसकेको छ र नआएकोको पनि प्रकाशमा ल्याउने काम भइरहेको छ । यसै सिलसिलामा *पूर्णिमा* १०५ पूर्णाङ्कका ३७-४९ पृष्ठमा छापिएको अंशको उल्था अहिले तल दिइन्छ ।

यस डायरीको सम्पूर्ण मूलभाग र यसको नेपालीमा अविकल उल्था कम्प्यूटरमा चढिसकेका छन् । अहिले यसको वाङ्मुख लेख्ने काम शुरू भएको छ । त्यो लेखिसकेपछि ग्रन्थाकारमा यो डायरी नेपाली उल्थासहित संशोधन-मण्डलबाट प्रकाश गर्ने हाम्रो योजना छ ।

- महेशराज पन्त]

---

१. वि.सं. २०५९ मा काठमाडौंबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स कलेजद्वारा प्रकाशित, शेषराज शिवाकोटीद्वारा सम्पादित *स्वाभिमानका सगरमाथा नयराज पन्त*को ९२ पृष्ठमा छापिएको, मदनमणि दीक्षितको *यो शताब्दीको सबैभन्दा अग्लो नेपाली* ।

२. वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६१ पूर्णाङ्कका ३२-४१ पृष्ठमा छापिएको, नयराज पन्तको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* ।
वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६३ पूर्णाङ्कका २८-३१ पृष्ठमा छापिएको, नयराज पन्तको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* ।
वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६४ पूर्णाङ्कका ३४-३७ पृष्ठमा छापिएको, नयराज पन्तको *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* ।
वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०५ पूर्णाङ्कका ३७-६३ पृष्ठमा छापिएको, नयराज पन्तको *प्रजातन्त्रारम्भस्येतिहासः – २००७-८ वैक्रमाब्दयोः मया दृष्टश्रुता मम मनसि प्रतिभाताश्च विषयाः* (प्रजातन्त्रको उठानको इतिहास– वि.सं. २००७-८ मः आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा) ।

३. *पूर्णिमा* ६१ पूर्णाङ्कका ४१-४४ पृष्ठमा छापिएको, महेशराज पन्तले गरेको उल्था ।
*पूर्णिमा* ६३ पूर्णाङ्कका ३२-३४ पृष्ठमा छापिएको, महेशराज पन्तले गरेको उल्था ।
*पूर्णिमा* ६४ पूर्णाङ्कका ३७-३९ पृष्ठमा छापिएको, महेशराज पन्तले गरेको उल्था ।
वि.सं. २०६२ मा काठमाडौंबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज शिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज पन्त*का १२९-१४१ पृष्ठमा छापिएको, महेशराज पन्तले गरेको उल्था । त्यहाँ यसको शीर्षक *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल* छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



वास्तवमा सुवर्णशमशेरको पक्षकाको, बाहिरबाट हेर्दा भने मातृकाप्रसादको पक्षकाको काङ्ग्रेसीहरूको आज टुँडिखेलमा ध्वजवन्दन दिनको उत्सव भयो। त्यहाँ विश्वेश्वरप्रसाद, गणेशमान आदि काङ्ग्रेसीले भाषण गरे। तिनीहरूको भाषण गैरकाङ्ग्रेसीहरूको निन्दारूपकै थियो।

गृहमन्त्री विश्वेश्वरप्रसादले गोरखादलका अनुयायीहरूको खूप निन्दा गरे– यी गोरखादलका मान्छेहरू भरतशमशेरको पक्षका हुन्, यिनीहरूले हाम्रो कार्यपद्धतिको नाश गर्न उद्योग गरेका छन्, हामी पनि आफ्नो काम गरिछाड्नेछौं, काम गर्न सक्ने मानिस ठूलो जागीर पाउनेछन्, काम गर्न नसक्नेलाई राजकीय ढुकुटीबाट जागीर दिइनेछैन इत्यादि।

उद्योगवाणिज्यमन्त्री गणेशमानसिंहले राष्ट्रिय काङ्ग्रेसी, डिल्लीरमणको पक्षका मान्छेहरूको खूप निन्दा गरे। गोरखादलका मान्छेहरूको उपर उनको द्वेष स्वाभाविकै हो।

यहाँ यो विचार गरिन्छ। श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रमको भारत सवारी भएपछि, सुवर्णशमशेरको पक्षका काङ्ग्रेसीहरूले वीरगञ्जमा हमला गर्न थालेपछि प्रधानमन्त्री श्री ३ मोहनले शहरमा जजसले राणाशाही मुर्दाबाद भनेर हिँड्छ त्यसलाई खुकुरीले काटिदिनू भनेर सिपाहीहरूलाई सुनाउनुभयो। उहाँको त्यस्तो भाषणबाट न सुन्याइँ नै झल्कियो न त त्यो नीतियुक्त नै हो भन्ने मलाई लाग्छ। किनभने कोही पनि मानिस कसैको शत्रु वा मित्र स्वभावैले हुँदैन। आफ्नो फाइदा हेरेरै मानिसले कसैसँग शत्रुता वा मित्रता गर्छ। लोकको स्थिति यस्तो भएकोले म पनि तिमीहरू जस्तै जागीरदार हुँ, तिमीहरूसँग मिलेर भोग गरिने राज्यमा दुःखी प्रजाहरूको धन हर्न खोज्ने दुष्टहरू हिँडिरहेछन्, तिनीहरूको दुष्टताको नाश मैले र तिमीहरूले गर्नैपर्छ भनी सिपाहीहरूको अगाडि भाषण गरेको भए त्यसबाट फल मिल्थ्यो।

श्री ३ मोहनले त आफ्नो वंशको माहात्म्य व्यर्थै गाउँदा गाउँदै पनि सिपाहीहरूलाई लोभ्याउने कुनै कुरा देखाउनुभएन। यसरी उहाँले आफ्ना भरिपूर्ण प्रकृतिको नाश गर्नुभयो।

आफूले कबोलेअनुसार प्रजाको हित गर्न नसक्ने, यी काङ्ग्रेसी मन्त्रीहरू पनि शत्रुका निन्दाले नै दिन काटिरहेका देखिन्छन्। प्रजाको दुःख नाश गरेर हामीहरू दुनियाँलाई हर तरहले सुखी राख्नेछौं, मानिसलाई लाउने बस्ने र खानेको जुन दुःखले हाम्रो देशमा जरो गाडेको छ, यो स्वाभाविक हिसाबले महँगी बढ्दै गएर भएको होइन कि राणाहरूको दुर्नीतिले नै भएको हो भनी काङ्ग्रेसको प्रतिज्ञापत्रमा [लेखिएको छ]।

यसरी पछि आफू सम्पन्न हुने विचार गरेरै मानिसहरूले ती काङ्ग्रेसीहरूले गरेको राणाद्रोहमा सहायता गरे। तर अहिले यी काङ्ग्रेसीहरू आफूले उक्साएर ल्याएका मानिसहरूको पनि इच्छा पुऱ्याउन नसकी खालि कुरा मात्र गर्छन्। प्रजाहरू लोभिने कुरा अलिकति मात्र भए पनि यिनीहरूले गरेका भए मानिसहरूको कुनै वर्ग हृदयैदेखि यिनीहरूका अनुयायी हुन्थ्यो, शत्रुले उक्साएर उक्सिँदैनथ्यो।

यसरी शत्रुको निन्दा गरेर काङ्ग्रेसीहरूले शत्रुको बल नै बढाइरहेछन् भन्ने मलाई लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



आफ्नो थुप्रो काम छोडेर अरूको कामको निन्दा गर्ने कुनै पनि मानिस सफल हुँदैन ।
फाइदा भएमा पराई पनि आफ्नो हुन्छ, फाइदा नभएमा आफन्त पनि पराई हुन्छ ।
२००७।१२।२६।१

आफूले वनाएर गरेका कुराद्वारा पछि ठूलो सुख पाइन्छ भन्ने प्रजाको मनमा देखाई तिनीहरूलाई काङ्ग्रेसीहरूले राणावंशको द्वेष गर्ने पारे । हामीहरूले प्रजाहरूलाई कसरी सुखी पारौंला भन्ने विचार ती काङ्ग्रेसीहरूको मनमा आयो कि आएन, तिनीहरू नै जानून् । तर काङ्ग्रेसीहरूको भनाइ धेरैजसो प्रलापभन्दा वढी केही पनि होइन भन्ने कुरा धेरै किसिमले तर्क गर्दा मलाई लाग्छ ।

प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम् ।
नात्मप्रियं हितं राज्ञः प्रजानां च प्रियं हितम् ॥*

भन्ने आचार्य विष्णुगुप्तको भनाइले राणाजीहरूको मनमा कहिल्यै ठाउँ पायो कि पाएन, मलाई थाहा छैन । प्रजाहरूको हितको लागि भाषणभन्दा बढी अरू केही गर्न श्री ३ मोहनले खोज्नुभयो कि खोज्नुभएन भन्ने कुरा उहाँलाई नै थाहा होला ।

आफ्नो प्रभुता प्रजाहरूलाई देखाई सबै मानिसहरूलाई दास बनाउन नै श्री ३ मोहनले खोज्नुभयो भन्ने कुरा उहाँका कामकारवाईबाट थाहा हुन्छ । किनभने उहाँलाई चाकरी ज्यादै मन पर्‍यो । सूर्योदयदेखि राति ४ मुहूर्त पनि जुन मानिस दिनकादिन उहाँको ढोकामा विनाकामै दिन बिताउँथे, तिनीहरू नै उहाँका प्यारा थिए । त्यस्ता चाकडीबाजहरूले नै हाकिमको दर्जा पाएको हामीले देखेकै हो । काम आइपर्दा ती बबुरा चाकडीबाजहरू के काम पो गर्न सक्थे । यस कारण काङ्ग्रेसको बढ्दै गएको स्तुति सुनेर काङ्ग्रेसउपरको श्रद्धाले ती चाकडीबाजमध्ये धेरैजसोको मन सजिलैसँग आक्रान्त भयो । प्रशस्त हातहतियार र पैसा आदि साधन हुँदा हुँदै पनि तिनीहरू काङ्ग्रेसीको शरण पर्न गए ।

आफ्नो प्रभुता देखाउन आफूले चलाएको चाकडीप्रथाले धेरै उपायद्वारा प्रजाहरूको तेजस्विता नष्ट पार्न उद्योग गर्ने श्री ३ मोहनको जसरी पराभव भयो, त्यसै गरी राणावंशउपर द्वेष उत्पन्न गर्न आफैँले फैलाएका भूटा कुराले र झ्यालखानाका ढोका उघार्ने आदि कामले काङ्ग्रेसीहरूले पनि थोरै नै दिनमा पराभव पाउनेछन् भन्ने थाहा हुन्छ ।

सुख पाउनको लागि गुप्ती रूपले चल्ने मानिसहरूले प्रायः शत्रु उब्जाउँछन् । राम्रो दण्डनीति छोडेर मनपरीसँग हिंड्ने कसको कल्याण हुन्छ ।

---

* प्रजाको सुखमा राजाको सुख, प्रजाको हितमा राजाको हित, आफूलाई मन लागेको गर्दा राजाको अहित, प्रजालाई मन लागेको गर्दा राजाको हित हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



राणावंशको निन्दा गरी हिंड्ने जुन जुन मानिस नाना थरीका कामद्वारा त्यसको शत्रु हुन पुगे, ती ती मानिस राणावंशबाट भएको निगाहबाट ठूलो पदमा पुगेका थिए भन्ने कुरा दुनियाँले देखेका थिए।

आफ्नै नोकरचाकरको निन्दा पाएर राणावंश दुनियाँको द्वेष्य हुन गयो। यस नेपालमा प्राचीन दण्डनीतिको हेला दैवसंयोगले भइरहेछ।

२००७।१२।२७।२

आज बिहान गोरखादलका [महा]मन्त्री भरतशमशेरलाई गृहमन्त्री विश्वेश्वरको आदेशले आई.जी.पी. तोरणशमशेरले पक्रेर ठानामा राखे। मुक्तिसेना भनी प्रख्यात भएको, काङ्ग्रेसी फौजका सिपाहीहरू पहरेदार बनाई ठानामा खटाइए। दिउँसो अपराह्णमा भरतशमशेरलाई झ्यालखानामा लगियो। त्यसपछि भेला भएका गोरखादलका मान्छेहरूले भरतशमशेरलाई झ्यालखानाबाट निकाली टुँडिखेलमा घुमेर आफ्ना अनुयायीहरूलाई देखाए। भरतशमशेरले भनेको पत्याउने, सैनिक र गैरसैनिक धेरै मानिसहरूले (त्यस वेला सेनालाई हतियार चलाउन लायक बनाइयो)* गृहमन्त्री बसेको घरमा ढुङ्गा आदिले हानेर नोक्सान गरे। केही मान्छे पनि त्यहाँ घाइते भए। विश्वेश्वरले हानेका गोलीका प्रहारले [केही] मरे पनि। त्यसपछि मुक्तिसेनाका, हातमा बन्दूक लिएका सिपाहीहरूले आएर भरतशमशेरलाई जिउँदै पक्रे। भरतशमशेरका पक्षकाले पनि केहीलाई घाइते पारे।

विश्वेश्वरलाई श्री ५ महाराजाधिराजको दरबारमा लगियो।

भरतशमशेरको मोटरमा काङ्ग्रेसीहरूले आगो लगाइदिए। आजै गोरखा लीगका रणधीर सुब्बालाई पक्रियो। अरू पनि धेरै मानिस पक्रिए।

यहाँ केही विचार गरिन्छ। विदेशको भरले प्रभुशक्ति पाएका, सुवर्णशमशेरको पक्षका कोइराला आदिको विरोध भरतशमशेरले गरे। आफ्नो विरोधी ठानेर तिनलाई कोइरालाले पक्रेको हो भने यो पद्धति तिनीहरूको अनुकूलै हो भनी भन्न सकिएला, किनभने शक्ति भएको कसले आफ्नो प्रतिपक्ष सुखी भएको इच्छा गर्ला।

प्रजातन्त्रपद्धति चलाउन हामीले उद्योग गरेका छौँ भनी मुखले भन्ने, आफूलाई नेता भन्ने यिनीहरूले अदालतमा दोषी भनी ठहर भइनसकेको मानिसलाई कसरी समात्छन् वा समातेर झ्यालखानामा लग्छन् भनी भन्न प्रजातन्त्रको रसको स्वाद पाएको कुन मानिसले भन्न सक्ला।

* यस डायरीको मूल र साफी दुवैमा (तदानीं सेनाऽस्त्रयोग्यामकार्षीत्) छ। *पूर्णिमा* १०५ पूर्णाङ्कको ३९ पृष्ठमा पनि हामीले यही नै छपाएका छौँ। यो के भनेको हो, मैले राम्रो बुझिनँ। व्याकरणको दृष्टिले यसलाई तदानीं सेनामस्त्रयोग्यामकार्षीत् मानी त्यहीअनुसार यहाँ उल्था गरिएको छ। यसरी सच्याउँदा व्याकरण मिले पनि यस वाक्यमा कर्ता नभएकोले यो काम कसले गऱ्यो भन्ने स्पष्ट छैन। - महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



एक पक्षको अनुचित व्यवहार रोक्न अर्को प्रतिपक्षले पनि आफ्नो प्रभुता देखाउँछ नै भन्ने वस्तुस्थिति छ।

गोरखादलका मान्छेहरूले हातमा खुकुरी लिएको, बन्दूक नलिएको देख्दा गोरखादलका अनुयायीहरू साधारण मानिस हुन्, सरकारिया होइनन् भनी भन्न स्पष्टसँग सकिन्छ।

यस्तो हुँदा मनमा एकतन्त्रशासन राखेर विश्वेश्वरलाई मालिक ठानेका मानिसहरूले भरतशमशेरको पक्षका मानिसहरूलाई दोषी भनी भन्लान् नै। मनमा प्रजातन्त्रपद्धति राखेर देशहितको विचार गर्ने मानिसहरूले त विदेशको भर पर्ने, भूटो बोल्ने मानिसहरूको विरोधमा जान विश्वेश्वरको दोष नै भन्लान् भन्ने मलाई लाग्छ।

> आफ्नो देशमा जरो गाडेको व्यवस्था र वाहिरको वास्तव कुरा नबुझेका, केही कुरा सुनेर वुझुक बनेका, छट्टू मानिस जहाँ नेता हुन्छन्, दण्डनीतिको आड भएको विद्या छोडेर जहाँ मानिस नीतिको आश्रय लिन्छन्, त्यस देशमा यस्तै कामले सबै शान्ति क्षीण भएर जान्छ।

२००७।१२।३०।५ चैत्रशुक्लषष्ठी बृहस्पतिवार

आज विहान सैनिकहरूलाई आफ्नो दरबारमा बोलाएर श्री ५ महाराजाधिराजबाट यस्तो हुकूम भयो – हिजो भएको उपद्रव सुनेर मेरो चित्त दुख्यो। गोरखादलका मान्छेहरूले भनेको कुरामा कान नलगाएर तिमीहरूले राम्रो गऱ्यौ। तिमीहरूको तलब एक दुइ रुपैयाँ होइन कि धेरै नै चाँडै बढाइदिन्छु। तिमीहरूको स्वामिभक्तिमा मेरो दृढ विश्वास छ।

२००७।१२।३१।६

यही दिन अर्थात् शुक्रवार नै

श्री ५ महाराजाधिराजको दरबारमा भेला भएका प्रधानमन्त्री आदि मन्त्रीहरूले दिनभरि सल्लाह गरे। फील्ड मार्शलको पद प्रधानमन्त्री श्री ३ मोहनशमशेरबाट झिकी श्री ५ महाराजाधिराजबाट आफैंले लिइबक्स्यो। कम्यान्डर-इन-चीफ केसरशमशेरका सहायक भई किरणशमशेर[1] उपप्रधानसेनापतिमा नियुक्त भए। लेफ्टिनेन्ट जनरलको पदमा राखिएका तोरणशमशेरचाहिँ किरणशमशेरले गर्ने काममा सहायकको रूपमा राखिए। प्रधानमन्त्रीका रक्षक भई सिंहदरबारमा राखिएका, पार्श्ववर्ती कालीबहादुर र बिजुली गारतका सिपाहीहरू पनि श्री ५ महाराजाधिराजका रक्षक भएर नारायणहिटीदरबारमा राखिने भए। ब्रेन गन आदि केही [हातहतियार] पनि सिंहदरबारबाट झिकेर नारायणहिटीदरबारमा राखिए। बारुदखाना तोपखाना आदि अस्त्रागारमा मारिएका तीन ताल्चामध्ये एक ताल्चाको साँचो

१. बारुदखाना आदिमा रहेका सिपाहीहरूका अधिकारीहरू किरणशमशेरकै अधीनमा राखिए। सेनाका अरू अधिकारचाहिँ केसरशमशेर र किरणशमशेरको अधीनमा राखिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



श्री ५ महाराजाधिराजको हातमा पऱ्यो । श्री ५ महाराजाधिराजका अङ्गरक्षकमा मिलिटरी सेक्रेटरी योगविक्रम राणा नियुक्त भए । उनले मेजर जनरलको पद पनि पाए । आई.जी.पी.को पद नरशमशेरले पाए ।

यसरी

| | |
|---|---|
| किरणशमशेर | (श्री ३ जुद्धशमशेरका भित्रिनीतर्फका छोरा) |
| नरशमशेर | (श्री ३ जुद्धशमशेरका नाति) |
| तोरणशमशेर | (राणाजी, सुवर्णशमशेरको पक्षका) |
| योगविक्रम | (राणाजी) |

यिनीहरूले श्री ५ महाराजाधिराजको विश्वास पाएर सेनाको सञ्चालन गर्ने भए । श्री ५ महाराजाधिराजबाट सेनाको सञ्चालन कसरी हुन्छ भन्ने कुरा समयले नै स्पष्ट गर्ने छ ।

मन्त्रिमण्डलले थालेको यस सल्लाहमा श्री ५ महाराजाधिराजबाट प्रधानअध्यक्षको पद लिइबक्स्यो । भारतीय राजदूत चन्द्रेश्वर र भारतीय सल्लाहकार गोविन्दनारायण र वृजनारायण पनि त्यहाँ थिए ।

२००८।१।२१

यस अपराधमा अपराधी भनी सम्झिएका ५५ जना समातिए । ती समातिएकामध्ये २० जना छोडिए । समातिएकाहरूमा धेरैजसो राणाका अनुचरहरू नै छन् । तीमध्ये केहीको नाउँ लिइन्छ ।

कर्णेल डिल्लीजङ्गका ३ जना छोरा

क. गीर्वाणबहादुर (वीरगञ्ज जित्ने काङ्ग्रेसी)

| | |
|---|---|
| मे.ज. मेघराजशमशेर | क. क्षत्रबहादुर |
| युवराजशमशेर | मेजर पूरणसिंह |
| भीष्मशमशेर | मेजर गणेशबहादुर |
| मसुरीशमशेर | क. मकरध्वजका २ जना छोरा |
| गणेशशमशेर | पूर्णध्वज |
| क्षेत्रशमशेर | मेजर लोकबहादुर |
| | क.क. चन्द्रजङ्ग थापा |

राजामा हुनुपर्ने विनय नभएका, राणावंशबाट अत्यन्तै पिरिएका, आफूलाई नेता भन्ने स्वाँठहरूले लोभ्याइएका श्री ५ महाराजाधिराजको सूक्ष्म दृष्टि अहो कसरी होओस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



बुद्धि भ्रष्ट भएका, काम गर्न सक्ने शक्ति नभएका, अत्यन्तै बकवक गरेर हिंड्ने, धूर्त, आफूलाई नेता भन्नेहरूले पनि सोझा मानिसहरूको मन लट्ठ पार्नुबाहेक गर्नुपर्ने लोकहित के गर्लान् ।

अहिले आफ्नो बुद्धिले सबैलाई लट्ठ पारेर सम्पूर्ण राष्ट्रलाई बाहिरिया मानिसहरूले आफ्नो वशमा पारेका छन् । परस्परको द्वेषले गर्दा बुद्धि भ्रष्ट भएकाहरूले बाहिरिया मानिसहरूलाई नै गुरु ठान्छन् ।

आफ्नो सुखसुविधा मात्र खोज्ने, अंशियारहरूसँगको झगडाले गर्दा काम गर्न सक्ने शक्ति घटेको, राणावंशको प्रज्ञापराधबाट भएको दुर्नीतिले गर्दा नै समस्त राष्ट्र दुर्गतिमै पुग्यो ।

पाश्चात्यदुर्नीतिमय विलासी ज्ञानको सानो एक टुक्रो थुप्रो पैसाले किनेर आफ्नै घरका मानिसहरूको अगाडि दम्भ गर्न खोज्ने, बुद्धि भ्रष्ट भएका, आफूलाई विद्वान् भन्नेहरू चारैतिर देखिन्छन् ।

तिनीहरूकै सङ्गतले गर्दा धेरै मानिसहरू दुर्भावले नष्ट भएको हृदय लिएर आफ्नो बोलीद्वारा धेरै किसिमले आडम्बर गरेर सम्पूर्ण लोकमा नै घोर अन्धकार फैलाउँछन् ।

२००८।१।३।२

चारैतिर आफ्नो शक्ति फैलँदा श्री ५ महाराजाधिराजलाई सिंहासनबाट झराउँदा पनि श्री ३ मोहनलाई न लाज भयो न उहाँको मनमा डरै भयो । कुनचाहिँ बलियो मान्छेले उचित मार्ग हेर्छ र ।

आफ्नो नीतिले श्री ५ महाराजाधिराजलाई लाचार पारेर, राज्यको सबै अधिकार आफ्नो अधीनमा राखेर र आफ्नो कुल देउता जस्तो भन्ने डुङ्गी पिटाएर राणावंशले धेरै कालसम्म आफ्नो पद जोगाइरह्यो ।

नीति नभएका दुनियाँको बुद्धि नभएकोले, अज्ञानले गर्दा राजा पनि गृहस्थीको आनन्दमै रमाएकाले र अङ्ग्रेजहरूको नीतिले १०० वर्षसम्म राणावंशले आफ्नो अधीनमा मुख्य शासकको पद राख्यो ।

शूरा जर्मनहरूले गरेका प्रहारले अङ्ग्रेजहरू खोरण्डा भएकाले र ती अङ्ग्रेजहरूको दुर्नीतिले कष्ट पाएको भारतले धेरै कालदेखि इच्छा गरेको मुक्ति पायो ।

अङ्ग्रेजहरू क्रमशः दीन हुँदै जाँदा तिनीहरूको पाउको आश्रयमा बसेका राजाहरूले नैसर्गिक बाटोबाट विवश भएर चाँडै नै नीच मार्ग लिए । भारतका तिनै राजाहरूमध्ये एक भएको राणावंश कसरी स्थिर होओस् ।

वि.सं. २००४ मा विराटनगरका कलकारखानाहरूमा कामदारहरूले उपद्रव गर्दा त्यो गराउने कोइराला आदि प्रख्यात भए । कोइराला आदिले ठूलाठूला धेरै पद आफ्नो अधीनमा गरेकाले त्यसरी प्रख्यात हुनेहरूमध्ये मनमोहन अधिकारी भन्ने कुनै मानिसले त्यहीँ विराटनगरमा त्यस्तै उपद्रव फेरि गराए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



प्रभुशक्ति पाएका विश्वेश्वर कोइरालाको आदेशले विराटनगरका गभर्नर, तिनका भाइले सहायकसमेतका मनमोहनलाई झ्यालखानामा हाले । फेरि कोइरालाको दलका विरोधीहरूले गरेको कोलाहलले दुनियाँमा खलबली नहोस् भनी झ्यालखानामा अनशन बसेका, सहायकसमेतका ती मनमोहनलाई कोइरालाका भाइले छोडिदिए । कोइरालाले बनाएको सबै नियम पन्साएर कलकारखानाहरूमा आफ्नै नियम लागू गर्न आफ्ना अनुयायीहरूले घेरिएका मनमोहनले फेरि खोजे । त्यो नसहेर कोइरालाले शहरमा कोलाहल फैलाउने, कारखानाका कामदारहरूमाथि गोली चलाउँदा ९ जना मरे, २१ जना घाइते भए भनी शहरमा ठूलो कोलाहल छ ।

२००८।१।५।४

डाह र लोभले चित्त व्याकुल भएका, झूटो कबोललाई पनि साँचो भनी ठान्ने, बुद्धि नभएका मानिस दुर्गतिमा पुग्छन् ।

आज बिहान श्री ३ मोहनशमशेर सिंहदरबार छोडेर आफ्नो दरबार लक्ष्मीनिवास जानुभयो । जो प्रधानमन्त्री हुन्छ, त्यही सिंहदरवारमा बस्छ भन्ने नियम श्री ३ चन्द्रशमशेरले बनाउनुभएको हो । त्यही नियमको अनुगमन गरेर श्री ३ भीमशमशेर र श्री ३ जुद्धशमशेर सिंहदरबारमा बस्न जानुभयो । आफ्नो किरन्टोकीपनालाई लोकहितको आचरणले छोप्न खोज्ने श्री ३ पद्मशमशेरचाहिँ आफ्नो सामान्य जीवनचर्या देखाएर लोकप्रिय हुन खोज्नुभयो । यसैले घरगृहस्थीमा चाहिने धेरै सरसामान नकिनेर ब्याङ्कमा पैसा जम्मा गर्न खोज्ने उहाँले त्यस ठूलो दरबारमा बस्ने इच्छा गर्नुभएन । यसरी उहाँ विशालनगरमै बस्नुभयो । बाबुले कमाएको थुप्रो सम्पत्तिले गर्दा घमण्ड चढेका श्री ३ मोहनको चाहिँ आफ्नो प्रभाव देखाएर सबै प्रजालाई दास सरह राख्ने ज्यास्ती इच्छा थियो । यसैले श्री ३ पद्म भारत जानेबित्तिकै, आफू प्रधानमन्त्री नहुँदै झटपट सिंहदरबारमा उहाँ बस्नुभयो । तर नाना किसिमका वादले आकुल भएको संसारमा धूर्तहरूले गरेका थरीथरीका कोलाहलले गरीब प्रजा विमूढ हुँदा, श्री ५ महाराजाधिराजको भारत सवारी हुँदा आफूलाई नेता भन्नेहरूले गरेको युद्धले र भारतीय षाड्गुण्यले शक्ति नष्ट भएका श्री ३ मोहनले आफ्नो गौरव दृढ पार्न प्रभुत्व पाउनुभएन । यसरी आफ्नो प्रभुत्वको अधिकार नष्ट भइसकेका, सामान्य शक्ति मात्र बाँकी रहेका श्री ३ मोहनले सिंहदरबार छोड्नुभयो । सिंहदरबारमा दशै जना मन्त्रीहरूका अड्डा रहन्छन् भन्ने सुनिन्छ ।

२००८।१।७।६

आफ्नो प्राण र आफ्नो धन मात्र जोगाउने, आफ्नो तेजस्विता नहेर्ने राणावंशले थोरै नै दिनमा पुरानो सिद्धान्त हटायो ।

राणावंशको नाश होओस्, त्यसबाट मेरो र यस देशको के हानि हुन्छ र । तर आफूलाई नेता भन्नेहरूले पिरिएको देश देखेर म कसरी सुखी हुन सकुँला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



प्राचीन सिद्धान्त हटाउने, नयाँ विद्याको विषय नबुझ्ने, आफूलाई नेता भन्ने मानिसहरूले यस देशमा चारैतिर यसरी दासता फैलाइरहेछन् ।

आफ्नै घरका, आफूलाई नेता भन्ने, स्वाँठ मानिसहरूद्वारा राणावंशको विरोध चारैतिर बढ्दा, श्री ५ महाराजाधिराज बाहिर सवारी भएकोले त्यो विरोध स्पष्ट हुँदा र भारतको नीति सफल हुंदा खराप वादले ठगिएका, अबोध, भ्वाट्ट सुख खोज्ने मानिसहरूको नाना थरीका कटु कार्यले गर्दा धेरै मानिसहरूको क्षय र व्यय भयो ।

जनताको नाश गर्ने अराजकताले बिस्तारै बिस्तारै जरो गाडेको देखिन्छ । आफूलाई नेता भन्नेहरूको चरित्र पनि बिस्तारै बिस्तारै मानिसहरूको आँखामा आउँदैछ ।

जसको बलको आड लिएर नेपालको शासक जस्तो ठूलो पद आफूलाई नेता भन्नेहरूले पाए, आफ्ना ती सहचरहरूलाई बलपूर्वक मार्न तिनीहरू अलिकति पनि सङ्कोच मान्दैनन् । अचम्म छ ।

भारतले आफ्नो देशलाई दिएको दुःख सकारेर, आफ्नो स्वाधीनतालाई पनि संशयमा पुऱ्याएर भारतीय फौजद्वारा आफ्ना पुराना साथीहरूलाई यिनीहरू मार्छन् । दुःख लाग्छ ।

यसको उदाहरण बुटवलमा, नेपालगञ्जमा र मोरङमा देखियो । पाश्चात्त्यदुर्नीतिको विष फैलिएकोले नेपाल क्षीण भएको छ ।

२००८।१।३।५

राणावंशको दोषले, आपसआपसमा सङ्घर्ष भएको कारणले, आफ्नो मुक्ति खोज्ने श्री ५ महाराजाधिराजको चरित्रले, राणाहरूको अवनतिको इच्छा गर्ने भारतको नीतिले र धेरै प्रजाहरूको भोकले गर्दा आफूलाई नेता भन्नेहरू वि.सं २००७ मा मुलुकमा प्रतिष्ठित भए ।

आफूलाई पढेलेखेका ठान्नेहरू प्रजातन्त्रको प्रवादले र साम्यवादको आश्रयले गर्दा धेरै खुशी भए ।

नेताहरूले भनेका असत्य र अर्धसत्य कुराद्वारा प्रजाहरूको चित्तमा तिनीहरूले राणाउपरको द्वेष राखिदिए ।

राजभक्तिले हृदय भरिएका, राजनीति नबुझेका मानिसहरूले त राजभक्तिले गर्दा नै राणाको द्वेष गरे ।

यसरी नेपाल देशमा बलेको प्रजाद्रोहरूपी आगोले राणाहरूको आश्रय भएको कीर्तिस्तम्भ एकै छिनमा भस्म गरिदियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



यताउता दगुर्ने, धेरै कुरा गर्ने, आफूलाई नेता भन्नेहरू धन र कीर्ति आफ्नो अधीन गर्न तम्से ।

राणाहरूको जस्तै तिनीहरूको पनि परस्परको स्पर्धाबाट जन्मेको झगडा बढ्दै गएको प्रजाहरूले देखे ।

शरीरको परिश्रम गरी बाँच्ने दुःखी प्रजा पिरिए । धनीहरू पनि धनको नाश भएकोले चिन्तित भए ।

यसरी राणासँग भएको शक्ति तिनीहरूको हातबाट श्री ५ महाराजाधिराजको, आफूलाई नेता भन्नेहरूको र राणाका आश्रितहरूको गरी तीन थरीको हातमा गयो ।

न राजा न राणा न त आफूलाई नेता भन्नेहरू नै मरे । प्रजाहरूको द्रोह नै प्रजाहरूको नाशमा आगो जस्तो भयो ।

यसरी राणाहरूमा जरो गाडेको पाश्चात्यदुर्नीति प्रजातन्त्रको नाउँले नेपालमा बिस्तारै प्रतिष्ठित भयो ।

२००८।४।११।५

चाकडी गर्नेहरूको मनमा तेज हुँदैन । मनमा तेज नभएका मानिसहरू आफ्नो गौरव देख्दैनन् ।

जसोतसो गरेर दासताको अनुभव गरेर भए पनि सधैं विलासपूर्वक जीवन बिताउन यिनीहरू खोज्छन् ।

यिनीहरूको मनमा आफ्ना मालिकउपर भक्ति पनि हुँदैन । बाहिरबाट हेर्दा भने यिनीहरू भक्त जस्ता देखिन्छन् ।

मालिकको शक्ति अलिकति पनि हल्लन लागेको देखेपछि तिनीहरू आफ्ना मालिकका शत्रुको सेवा भक्तिपूर्वक खुशी भएर गर्छन् ।

हामीले शास्त्रमा धेरै ठाउँमा पढेका कथालाई राणावंशको यस पतनले फेरि प्रत्यक्ष गरिदियो ।

राणाका जो सेवक थिए, जो तिनीहरूका स्तुतिपाठक थिए, जो तिनीहरूका ढोका ढुक्थे र जो भक्तिपूर्वक गर्दन निहुर्‍याउँथे; तिनै मानिसहरूको त्यही पद्धतिले अहिले कोइरालाको घरमा डेरा जमाइरहेको छ ।

२००८।४।१२।६

यति थोरै तलबले जीवन चलाउने साधन हामीहरू पाउँदैनौं, यस कारण हाम्रो तलब बढ्नुपर्छ भनी उहिले वि.सं. २००४ मा विराटनगरको जूट मिलमा काम गर्ने मजदूरहरूले हडताल गर्न खोज्दा तिनीहरूका साथी भई तिनीहरूको नेतृत्व वर्तमान गृहमन्त्री विश्वेश्वर कोइरालाले लिएका थिए । त्यही अपराधमा राजकीय आदेशद्वारा उनी थुनिएका पनि थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



प्रजातन्त्रको नाउँमा विश्वेश्वर गृहमन्त्री हुँदा यही वि.सं. २००८ मा नेपालमा सरकारी अड्डाहरूका कारिन्दाहरूले यति थोरै तलबले जीवन चलाउने साधन हामीहरू पाउँदैनौं, यस कारण हाम्रो तलब बढ्नुपर्छ भनी गृहमन्त्री विश्वेश्वरलाई वारंवार निवेदन चढाउँदा पनि इच्छा नपुगेकोले सङ्घर्ष गर्न तिनीहरू तम्से । तिनीहरूको सङ्घर्ष कस्तो प्रकारको, कहाँ र कसरी हुने हो त्यस कुराको स्पष्टसँग निर्णय भएको छैन । तिनीहरूले पछि गर्ने सङ्घर्षको कुरा सुन्नेबित्तिकै जोसुकै पनि सरकारी जागीरदारले हडताल गर्न खोजेमा वा शहरमा भेला भई ठूलो स्वरले चिच्याएर हडताल गरेमा त्यसको जागीर अवश्य खोसिनेछ भन्ने आदेशको प्रचार आज विश्वेश्वर महोदयले गरे । यो देख्दा वि.सं. २००४ मा हडताल गर्न खोज्ने मजदूरहरूका नेता, अधिकार खोज्ने, यी विश्वेश्वर यहाँ छैनन्; तर आफ्नो हातमा आएको अधिकारको रक्षा गर्न खोज्ने, राणाहरूको हातबाट अधिकार लिने, वि.सं. २००८ का गृहमन्त्री विश्वेश्वर काठमाडौंमा बस्छन् भन्ने मलाई लाग्छ ।

> सम्पत्ति नभएको मानिसले गरीबहरूको सहवास खोज्छ । त्यस्तो मानिसले त्यही निहुँद्वारा आफ्नो नाउँ प्रख्यात गराउँछ । त्यही मानिसको हातमा अलिकति मात्र पनि अधिकार आएपछि घमण्डले मत्त भई आफूले अधिबाट भनेको कुरा पनि ऊ सम्झँदैन ।

२००८।४।१३।७

अहिले हाम्रो देशमा राजनीतिले प्रवेश पाएको छ । राणाहरूको शासनकालमा सबै अधिकार एउटै मानिसको हातमा रहेकोले सबै मानिस शक्ति कम भएकोले नम्र थिए । तिनीहरूको राजनीति भन्नु नै राणा शासकको सर्वात्मना मनोविनोद गराउनु नै थियो । वास्तवमा दासको मनोवृत्तिसँग मिल्ने त्यस पद्धतिलाई नै तिनीहरूले राजनीति भनी स्वीकार गरेका थिए भन्ने मलाई लाग्छ । कवि कालिदासले यस्तै पद्धतिको बयान तारकासुरको प्रसङ्गमा गरेका छन् । जस्तै–

पुरे तावन्तमेवास्य तनोति रविरातपम् ।
दीर्घिकाकमलोन्मेषो यावन्मात्रेण साध्यते ॥ ३३ ॥

सर्वाभिः सर्वदा चन्द्रस्तं कलाभिर्निषेवते ।
नादत्ते केवलां लेखां हरचूडामणीकृताम् ॥ ३४ ॥*

---

* सूर्यले तिनको शहरमा त्यति नै घाम छोड्छन्, जति घामबाट पोखरीको कमल फुल्न सक्छ ॥ ३३ ॥ चन्द्रमाले आफ्ना सबै कलाद्वारा तिनको सधैं सेवा गर्छन् । उनले खालि महादेवको शिरमा चूडामणि भइरहेको कला मात्र लिंदैनन् ॥ ३४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



व्यावृत्तगतिरुद्याने कुसुमस्तेयसाध्वसात् ।
न वाति वायुस्तत्पार्श्वे तालवृन्तानिलाधिकम् ॥ ३५ ॥

पर्यायसेवामुत्सृज्य पुष्पसंभारतत्पराः ।
उद्यानपालसामान्यमृतवस्तमुपासते ॥ ३६ ॥

तस्योपायनयोग्यानि रत्नानि सरितां पतिः ।
कथमप्यम्भसामन्तरानिष्पत्तेः प्रतीक्षते ॥ ३७ ॥

ज्वलन्मणिशिखाश्चैनं वासुकिप्रमुखा निशि ।
स्थिरप्रदीपतामेत्य भुजङ्गाः पर्युपासते ॥ ३८ ॥

तत्कृतानुग्रहापेक्षी तं मुहुर्दूतहारितैः ।
अनुकूलयतीन्द्रोऽपि कल्पद्रुमविभूषणैः ॥३९॥*

*कुमारसम्भव* दोस्रो सर्ग

अहिले एकभन्दा बढीमा शक्ति रहेकोले र राणाहरूमा र काङ्ग्रेसीहरूमा परस्परमा स्पर्धा भएकोले देशमा बिस्तारै बिस्तारै षाड्गुण्यले ठाउँ पाएको छ। यसबाट प्रजालाई सुख होला भन्ने मेरो मनसाय होइन। तर षाड्गुण्यका प्रशस्त उदाहरण यी हुन्छन् भनीकन मैले भन्नुपर्छ।

२००८।४।१४।१

अरूले देखाएको, आफ्नो अगाडि रहेको स्पष्ट पदार्थ पनि बुझ्न नखोज्ने हुनाले मूर्ख मानिस आफ्नै आँखाले आफ्नो हित देख्न सक्दैन भन्दा के आश्चर्य हुन्छ र।

२००८।४।१५।२

---

* फूलचोरीको डरले बगैंचामा आफ्नो वेग रोकेका वायुले तिनको नजीकै हाते पङ्खाले जति हावा छोड्छ त्यसभन्दा बढी हावा छोड्दैनन् ॥ ३५ ॥

आआफ्नो पालामा गर्नुपर्ने काम छोडेर फूलको सम्भार गर्न लागेका ऋतुहरूले माली जस्तो भएर तिनको सेवा गर्छन् ॥ ३६ ॥

तिनलाई कोसेली दिन हुने रत्न बनिनसकुञ्जेल समुद्र पानीभित्र कष्टपूर्वक कुर्छन् ॥ ३७ ॥

शिरमा चम्केको मणि भएका वासुकि आदि नागहरू नहल्लने बत्ती भई राति तिनको सेवा गर्छन् ॥ ३८ ॥

तिनले गरेको निगाहको आशा गर्ने इन्द्र त दूतहरूद्वारा बराबर चढाइएका कल्पवृक्षका फूलद्वारा तिनलाई अनुकूल पार्छन् ॥ ३९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## स्थानिवदादेशोऽनल्विधौ* (पाणिनि १।१।५६)

अहिले नेपालमा प्रजातन्त्रको नाउँमा सुवर्णशमशेरको पक्षका विश्वेश्वर आदि आफूखुशी हिँडिरहेका देखिन्छन् । दोष र गुणको कुराको छयानविचार गर्न नसक्ने दुनियाँ खालि कोलाहल सुन्दा सुन्दा झूटो कुरा पनि साँचो भनी ठान्छ । प्रजातन्त्रशासनमा हुने दोष र गुणका कुरा पनि नबुझ्ने हुनाले नेपाली जनता त्यसको विचारै राख्दैनथ्यो । त्यो [शासन] रहेको खण्डमा हामीहरू पनि प्रधानमन्त्रीको पद पाऔँला भन्ने विचार खालि अन्धपरम्पराअनुसार दुनियाँको मनमा गढेको थियो । यसैले राणाहरूको एकाधिकार देखेर आफ्नो गति सबैतिर रोकिएको ठान्ने दुनियाँले ती राणाहरूको नाशको लागि आफूलाई नेता भन्नेहरूले प्रतिपादन गरेको रीतिद्वारा अत्यन्तै कोशिश गर्‍यो । आफ्नो देशको व्यवस्था र परदेशको व्यवस्थाको परीक्षा गरी ती दुइमध्ये असल व्यवस्थाको ग्रहण गर्नको लागि नेपाली जनताले प्रयत्नै गरेन । अथवा बबुरो दुनियाँले के पो गरोस् । किनभने राणाको शासनमा *पञ्चतन्त्र* आदिका, कथारूपमा नीतिवाक्यका लेख आदि पनि आफूलाई देउता ठान्ने राणा शासकहरूलाई मनै पर्दैनथे । किनभने राणाका भाट लेखनाथ कविले भाषामा लेखेको *पञ्चतन्त्र*मा पनि चन्द्रशमशेर भीमशमशेर आदिको कुदृष्टि परेको थियो । इतिहासबाट निस्केको, दोष र गुणको परीक्षा नै राजनीतिको बाटोमा बत्तीको खम्बा हुन्छ । इतिहासमा रस लिनेहरूलाई राणा शासकहरूको दृष्टिमा राजद्रोहको फरेब लाग्थ्यो । लब्धप्रशमनको लागि उद्योग गर्ने पाश्चात्यहरूको नीतिले गर्दा लाचार भएर हाम्रा शासकहरू ती पाश्चात्यहरूको सत्कारको लागि आफ्नो देशको इतिहासका साधनको रक्षा जसोतसो गरिटोपल्थे । तर अलिकति पनि आफ्नो देशको इतिहासको विषयमा बोल्न खोज्ने मानिस राणाहरूको दृष्टिमा ठूलो अपराधी ठहर्‍थ्यो । इतिहासरसिक बाबुराम नै यहाँ उदाहरण छन् । किनभने राणाका चाकडीदार आफू हुँदा हुँदै पनि अलिकति स्वतन्त्र प्रतिभाले हिँड्न खोज्दा राणाहरूको पतन हुनुभन्दा अगाडिसम्म उनको गति सबैतिर रोकिएकै थियो । यसरी सबैतिर घोर अन्धकार बढाएर, श्री ५ महाराजाधिराजलाई र प्रजाहरूलाई अज्ञानरूपी कुवामा खसालेर, सरकारी ढुकुटीबाट प्रशस्त धन बलजफतीसँग लिई मोजमजा र हाँसख्याल गरी दिन काट्नु नै राणा शासकहरूको आदर्श थियो ।

राणा शासकहरूको दुर्नीतिरूपी रूखमा फल फल्दा कोइराला शासकहरूको भोजनोत्सव भयो । प्रजातन्त्रको नाउँमा दुनियाँको आँखामा धूलो हालेर कोइराला शासकहरू आफूलाई मन लागेको गर्छन् । उता अज्ञानी जनतालाई राज्यव्यवस्थाको बारे थाहा छैन । यस कारण कोइराला शासकहरूको जस्तो जस्तो इच्छा हुन्छ त्यही त्यही नै प्रजातन्त्रव्यवस्था हुन्छ । पहिलेका राणा शासकहरूको अपमान गर्नु यहाँ मुख्य काम भएको छ । राणा शासकहरूका आफूलाई विद्वान् ठान्ने केही अनुचरहरू पनि डरले गर्दा सभामा चूप लागेर बसे पनि एकान्तमा कोइराला शासकहरूको निन्दा गर्छन् । पहिले राणाका

---

* आदेश स्थानी जस्तै हुन्छ, अल्विधिमा बाहेक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



तिनै अनुचरहरू एकतन्त्रव्यवस्थाको भाट भएर प्रजातन्त्रव्यवस्था पनि यस्तै हुन्छ भनेर ठूलो स्वरले कराउँथे । अहिले तिनै मानिसहरू कोइरालाहरूको शासनमा प्रजातन्त्रको दृष्टिले खोट लाउन र एकतन्त्रशासनको दोष भन्न राम्ररी कम्मर कसेका देखिन्छन् । यस्ता मानिसहरूले यो सम्झनुपर्छ –

आदेश शत्रु जस्तो हुन्छ र त्यो आदेश जसको ठाउँमा हुन्छ, [त्यसले] त्यस स्थानीमा रहेका धर्म लिन्छ ।

**स्थानिवदादेशोऽनल्विधौ (पाणिनि १।१।५६)**

खालि अल्विधि अर्थात् अक्षरैपीछे रहेको भिद्यमान असाधारण धर्म छोडेर स्थानीका अरू सबै धर्म आदेशले लिन्छ ।

यसरी नै यहाँ पनि राणा शासकहरू पनि दरबारमा बस्थे, कोइराला शासकहरू पनि दरबारमै रमाउँछन् । राणा शासकहरूलाई पनि चापलूसी मन पर्थ्यो, कोइराला शासकहरूलाई पनि त्यो मन पर्छ । राणा शासकहरू गुणको अलिकति पनि वास्ता नगरीकन भने पनि हुने जस्तो गरेर आफूसँग सम्बन्ध भएको मान्छेलाई नै सरकारी पदमा छान्न योग्य सम्झन्थे, यसैको नै कोइराला शासकहरू नकल गर्छन् । तर राणा शासकहरूको मानिसैपीछे फरक भएको अनुहार आदि असाधारण धर्म नै कोइराला शासकहरूको भन्दा फरक छ ।

२००८।४।१८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

# कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको कोष यसो हेर्दा

– महेशराज पन्त

च्वसा पासाले पुराना लिखतहरूको आधारमा कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तयार गरेको पुरानो नेवारीको कोष[1] वि.सं. २०५७ मा निस्किएपछि मैले त्यो कोष किनी हेरेँ। कमलप्रकाश मल्लका अरू अरू कृति जस्तै त्यो कोष पनि बुद्धिको दारिद्र्यको उत्तम नमूना[2] बन्न गएको रहेछ भन्ने कुरा त्यसै

१. कमलप्रकाश मल्ल आदि २०५७।

२. आफ्नो देशको भुवनकोश, नृतत्त्व, इतिहास, संस्कृति, भाषा, साहित्य आदिको विषयमा तत्तद्विषयका विशेषज्ञहरूको के विचार छ भन्ने कुरा संसारलाई देखाउन विभिन्न विषयका विशेषज्ञहरूद्वारा तयार पारिएको भनी दाबी गरिएको पुस्तक (पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्ल २०३०)मा *दि इन्टिलेक्टयुअल् इन् नेपालीज् ससाइइटि* (नेपाली समाजमा बुद्धिजीवी) भन्ने कमलप्रकाश मल्लको निबन्ध (कमलप्रकाश मल्ल २०३०:२६३-२९०) छापिएको छ र त्यसको उठान दिस् इज् यान् एसए इन् इन्क्वाइरि इन्टु द पभर्टि अफ् इन्टिलेक्ट् इन् नेपाल् भन्ने वाक्यले गरिएको छ। त्यही वाक्य र त्यसको उल्था अर्थात् यो निबन्ध नेपालमा बुद्धिको दारिद्र्यको खोजतलास गर्ने सिलसिलामा लेखिएको हो भन्ने वाक्यको उद्धरण आफ्नो लेखको उठानमा गरी मैले त्यस पुस्तकका सम्पादक कमलप्रकाश मल्ल र पशुपतिशमशेर जङ्गबहादुर राणा मिली लेखेको त्यस पुस्तकको *इन्ट्रडक्शन्* (उपोद्घात) (२०३०:१-२३)मा परेका अशुद्धिमध्ये केहीको खण्डन गरी लामो निबन्ध (महेशराज पन्त २०३१:२५०-२६५) प्रकाश गरेको थिएँ।
कमलप्रकाश मल्लको विषयमा हामीले लेखेका कुराको सूची यस प्रकारको छ –
महेशराज पन्त २०३१:२५०-२६५।
उही २०४०:१-२९।
उही २०४० क।
[*पूर्णिमाका*] सम्पादक २०४१:११-२३।
महेशराज पन्त २०४१:३९-४७।
उही २०४३:२४।
उही २०४३ क:३८-३९, ३३ सङ्ख्याको टिप्पणी।
उही २०४३ ख:२-३, १५-२३।
ज्ञानमणि नेपाल २०४३:*आमुख* २७-२८, मूल ९-१४, *टिप्पणी* १०-१५।
महेशराज पन्त २०४४:१-६५।
उही २०५०:१७-७६।
दिनेशराज पन्त २०५४:२।
उही २०५४ क:२।
उही २०५४ ख:५।
उही २०५४ ग:५२-५५।
महेशराज पन्त २०५८:३५-३८, ४०, ४५-४६।
उही २०६०:३-४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



वेला मेरो मनमा चढ्यो तापनि अरू अरू नै काममा समय दिनुपरेकोले त्यस विषयमा केही लेखेको थिइनँ । त्यस कोषको गाईजात्रेपनाको विषयमा वि.सं. २०५८ मा प्रसङ्ग आएकोले मैले छोटकरीमा केही लेखेको थिएँ ।[३] त्यो के हो भने

*गोपालराजवंशावलीको*

पाटन छुक्व राजास सूतक चोंजे राजवाशस ॥

(३७ ख पत्रको ५ पङ्क्ति)

को अर्थ

त्यहाँ एक ठाउँमा

द सन्ज् यान्ड् द डटर्ज् अफ् द कन्सिक्रेटड्इड् किङ्ज् (विथ् टिआर अन् देर् हेड्ज्) स्टेड् इन् मोर्नइङ् इन् द रइअल् प्यालइस् ।

(छुक्वको अर्थमा)

((आआफ्ना शिरमा ताज लाएर) राजाभिषेक भएका राजाहरूका छोराहरू र छोरीहरू राजदरबारमा जूठो बारी बसे ।)

अर्को ठाउँमा

द सन्ज् यान्ड् द डटर्ज् अफ् द कन्स्क्रिटड्इड् किङ्ज् विथ् टिआर अन् द हेड् स्टेड् इन् मोर्नइङ् याट् द रइअल् प्यालइस् ।

(पहिलोचाहिँ पाटको अर्थमा)

(शिरमा ताज लाएका, राजाभिषेक भएका राजाहरूका छोराहरू र छोरीहरू राजदरबारमा जूठो बारी बसे ।)

भनी गरिएको छ ।

फन् अर्को ठाउँमा चाहिँ

द सन्ज् यान्ड् द डटर्ज् अफ् द कन्सिक्रेटड्इड् किङ्ज् (विथ् सिल्कन् टर्बन् यान्ड् टिआर अन् देर् हेड्ज्) स्टेड् इन् द रइअल् प्यालइस् टु अब्जर्भ् द मोर्नइङ् अफ् द डेड् किङ् ।

(राजबाशको अर्थमा)

((आआफ्ना शिरमा रेशमी पगरी र ताज लाएर) राजाभिषेक भएका राजाहरूका छोराहरू र छोरीहरू मरेका राजाको जूठो बार्न राजदरबारमा बसे ।)

भनी गरिएको छ ।

---

३. महेशराज पन्त २०५८:४५-४६, ३६ सङ्ख्याको टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



*गोपालराजवंशावलीकै*

राजास टोटवाढ जुकाले ॱ प्रजान ह्लुये गोत्रदान जुरो९ ॥

(३७ ख पत्रको ५ पङ्क्ति)

को अर्थ एक ठाउँमा

द पीप्ल् कन्सिक्रेट्इड् द किङ् ह्वेन् द किङ् वज् रिलीभ्ड् फ्रम् रिट्युअल् पल्यूशन् ।

(टोट बाढको अर्थमा)

(राजालाई लागेको जूठो चोखिइसकेपछि प्रजाहरूले राजाको अभिषेक गरे ।)

भनी गरिएको छ ।

*गोपालराजवंशावली*बाट भरखरै माथि सारिएको, वाक्यको एक अंश अर्थात्

राजास टोटवाढ जुकाले

को अर्थ त्यहीं अर्को ठाउँमा

ह्वेन् द थ्रोन् वज् अन्अक्युपाइड् ।

(जुकालेको अर्थमा)

(जब सिंहासन खाली भएको थियो ।)

भन्ने र त्यसको अर्को अंश अर्थात्

प्रजान ह्लुये गोत्रदान जुरो९ ॥

को अर्थ

द पीप्ल् डोनेट्इड् टु पर्फेर्म् द गोत्रदान सेर्इमनि ।

(ह्लुयेको अर्थमा)

(प्रजाहरूले गोत्रदानको उत्सव गर्न नजराना दिए ।)

भनी गरिएको छ ।

कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको त्यस कोषमा यी दुइ वाक्यको उल्था गर्दा परेका झीनामसीना कुरा छोड्दा पनि **पाट**को अर्थ दुइ ठाउँमा **ताज** र एक ठाउँमा **रेशमी पगरी** र **ताज**, **टोट बाढ**को अर्थ एक ठाउँमा **जूठो चोखिनु** र अर्को ठाउँमा **खाली भएको** भनी गरिएको छ, मूलमा नभएका **छोराहरू** र **छोरीहरू** भन्ने शब्द थपिएका छन्; **प्रजान ह्लुये गोत्रदान जुरो९** को अर्थ एक ठाउँमा **प्रजाहरूले अभिषेक गरे** र अर्को ठाउँमा **प्रजाहरूले गोत्रदानको उत्सव गर्न नजराना दिए** भनी गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



त्यसपछि ४ वर्ष बितिसक्यो । मैले नभ्याएरै त्यस कोषको विषयमा केही लेखेको थिइनँ । पोहर माघ महीनामा नेपालीमा कमलप्रकाश मल्लको एउटा पुस्तिका निस्कियो ।[४] वास्ता गर्न नपर्ने नै ठानेर होला, संशोधन-मण्डलका कुनै कुनै मान्छेहरूलाई त त्यस पुस्तिकामा उनले छोएका छैनन्, जिउँदालाई र मरेकामध्ये पनि जजसको भूतबाट उनी अझै तर्सँदैछन् तिनलाई तथानाम गाली गरेका छन् ।

खास गरी अङ्ग्रेजी र नेवारीमा मात्र लेख्ने उनले केको लागि नेपालीमा त्यो पुस्तिका निकाले, त्यो पनि अनुसन्धेय छ । नेपाली भाषाको ठूलो प्रचारक मदनपुरस्कारगूठीको **स्वर्णवर्ष** २०६१ मङ्सीर २८ गते शुरू भएको[५] र नेपालीमा नलेख्ने नै भने पनि हुने कमलप्रकाश मल्लले हामीलाई गाली गरी लेखेको पुस्तिका वि.सं. २०६१ माघ १ गते निस्केकोले कतै मदनपुरस्कारगूठीको **स्वर्णवर्ष** मनाउन कमलप्रकाश मल्लले कनीकुथी नेपालीमा लेखेको त होइन भन्ने शङ्का मलाई लाग्छ ।

नेपाली भाषाका विरोधी भनी कहलिएका कमलप्रकाश मल्ललाई वि.सं. २०६१ कार्तिक १ गते भएको मदनपुरस्कारवितरणोत्सवमा विद्वत्प्रवचन[६] गर्न लगाएकोले, त्यस प्रवचनको सार थोरै शब्दमा भन्ने हो भने नेपाली भाषाको विरोध गर्नु[७] भएकोले र मदनपुरस्कारवितरणोत्सव कमलप्रकाश मल्लको विचारको प्रख्यापनको लागि चौतारा बनिदिएकोले पनि मदनपुरस्कारगूठी र कमलप्रकाश मल्ल नजीक भएको अनुमान गर्न नसकिने होइन ।

यसै प्रसङ्गमा मलाई ४० वर्ष अगाडिदेखिको कुराको सम्झना आइरहेछ । त्यो के हो भने *जयरत्नाकर-नाटक*का रचयिता शक्तिवल्लभ अर्ज्यालवंशका होइनन्, आचार्यवंशका हुन्, अर्ज्यालहरूसँग मिली नयराज पन्तहरूले शक्तिवल्लभलाई जबर्दस्ती अर्ज्याल बनाइदिए, यसरी साहित्यमा डकैती गरियो भनी पिनाकिप्रसाद आचार्यले एउटा पुस्तिका छपाएका थिए ।[८] त्यसको सप्रमाण खण्डन हामीले गर्‍यौं ।[९] त्यसको लगत्तै उनले त्यही पुरानो कुरा दोहर्‍याएर अर्को पुस्तिका छपाए ।[१०] त्यसको पनि खण्डन हामीले गर्‍यौं ।[११] पिनाकिप्रसाद आचार्यको दोस्रो पुस्तिकाको प्रकाशनमा मदनपुरस्कारगूठीको सहयोग थियो भन्ने गल्लीहल्ला त्यसताका चलेको पनि यस प्रसङ्गमा सम्झन योग्य छ ।

---

४. कमलप्रकाश मल्ल २०६१ क ।
५. *मदन पुरस्कार स्वर्ण वर्ष* २०६१:२ ।
६. विद्वत्-प्रवचन शुद्ध हो, विद्वद्-प्रवचन अशुद्ध हो भन्ने कुरा व्याकरण जान्नेहरूलाई भनिरहनुपर्दैन । तर मदन-पुरस्कारगूठीको मुखपत्रमा विद्वद्-प्रवचन (*गुठीको समाचार* २०६१:४) छापिनु उदेकलाग्दो छ ।
७. *गुठीको समाचार* २०६१:४-३० ।
८. पिनाकिप्रसाद उपाध्याय आचार्य २०२२ ।
९. *हाम्रो वक्तव्य* २०२४:२०९-२१६ ।
१०. पिनाकिप्रसाद उपाध्याय आचार्य २०२४ ।
११. *हाम्रो वक्तव्य* २०२४ क:४४५-४५९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



कमलप्रकाश मल्लले हामीलाई गाली गरी लेखेको पुस्तिका छापिएपछि यस विषयमा चूप लागेर बस्नु भएन, त्यसको खण्डन गरिहाल्नुपर्‍यो भनी हाम्रा हितचिन्तक र विरोधी दुवै थरीले हामीलाई वारंवार भने तापनि यस विषयमा मैले अहिलेसम्म केही लेखेको थिइनँ। त्यस पुस्तिकाको शीर्षक, लेखाइ र धेरैजसो विषयवस्तु हेर्दा मलाई कहिलेकहीँ त्यस्तो पुस्तिकको के खण्डन गर्नु, जसमा पूर्वापरसम्बन्धको नै ठाउँठाउँमा टड्कारो कमी देखिन्छ भन्ने भाव पनि नआएको होइन। शब्दवृत्तिका विशारद भनी कहलाएका मान्छेबाट मूल विषयवस्तु त छोडौं, शब्दवृत्तिको हिसाबले पनि निकृष्ट ठहरिने लेख कसरी लेखियो भन्ने कुरा पनि मलाई नलागेको होइन। त्यो पुस्तिका हेर्दा निराश मान्छे चिच्याएको जस्तो लाग्छ। निराशाको हकमा त्यस पुस्तिकालाई उनले वि.सं. २०६१ मा भाषाशास्त्रीहरूको अगाडि गरेको प्रवचन[१२]सँग दाँज्न नमिल्ने होइन।

यसैबीच उनले हामीलाई गाली गरेर लेखेको पुस्तिकाको अङ्ग्रेजी रूप भन्न मिल्ने लेख नेपाल र एशियाली अध्ययनसंस्थानको पत्रिकाको नयाँ अङ्कमा मुख्य लेखको रूपमा प्रकाशमा आएको छ।[१३] नेपाली रूपसँग दाँजेर हेर्दा त्यसमा गालीगलौज निकै कम छ र मूल विषयवस्तुको निकै नजीक यो छ। यसो हुनुको कारण त्यस पत्रिकाका गौराङ्ग सम्पादकको चक्कूको करामत हो भन्ने सुनिएको छ तापनि ती गौराङ्गले नम्र्याएर हो कि विदेशमा गएर नेपालसम्बन्धी खोजमा पाश्चात्यहरूले गरेको खोजीको बखान गर्ने जस्ता काम गरी तिनीहरूलाई रिझाउने काममा लागेका, त्यस पत्रिकाका प्रधानसम्पादकको ज्ञानको इयत्ताभन्दा त्यो लेख धेरै परको भएर हो, त्यसको बिब्लिअग्रफिमा असम्बद्ध लेखहरूको बाढी नै छ।

यसैबीच कमलप्रकाश मल्लको सो पुस्तिकामा परेका एक दुइवटा बाहिरिया विषयवस्तुको विरोधमा एकदुइजनाले प्रसङ्गवश कलम चलाएका छन्।[१४] म पनि हातमा लिएका केही काम सिद्ध्याइसकेपछि उनको सो पुस्तिका र सो लेखको भित्रीबाहिरी दुवै विषयवस्तुमा लेख्ने नै छु। त्यसभन्दा अगाडि उनको प्रधानसम्पादकत्वमा निस्किएको, पुरानो नेवारीको कोषको गाईजात्रेपनाको विषयमा केही लेख्नुपरेको छ।

---

१२. कमलप्रकाश मल्ल २०६१ = उही २०६२ क: ५५७-५७४ ।

१३. कमलप्रकाश मल्ल २०६२१-४९।

१४. राजेश आचार्य २०६२:१५०-१५७।
सुरेन्द्र के.सी. २०६२:१५८-१६४।
ज्ञानमणि नेपाल २०६२:८०, ८१ मा कमलप्रकाश मल्लको त्यस पुस्तिकाको नाउँ नलिई यस विषयमा अलिकति लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



**कंसबांडल** शब्द कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको त्यस कोषमा चढेको छ र त्यसको अर्थ **ए काइन्ड् अफ् प्लेट्** (एक प्रकारको रिकाबी) भनी गरिएको छ। यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र[१५]को **कंस बांडलठु**[१६]लाई **कंसबांडल भु** पढी **कंसबांडल भु पाटछि १** भन्ने वाक्यांशको उद्धरण गरी त्यसको अर्थ **वन् लार्ज् ब्रन्ज् प्लेट् (अर् डिश्)** (काँसको एउटा ठूलो रिकाबी (वा थाल)) भनी गरिएको छ।

त्यही कोषमा **कंसबांडल** शब्दको प्रसङ्ग अर्को एक ठाउँमा (**भु**को अर्थमा) पनि आएको छ र त्यहाँ त्यस ताम्रपत्रको **कंसबांडल ठु पाटछि १ निसराव येने** भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ **बि आइटम्न् अफ् वर्शिप् टु बी टेक्अन् अन् ए लार्ज् ब्रन्ज् प्लेट् (अर् डिश्)** (काँसको ठूलो रिकाबी (वा थाल)मा लगिने पूजासामग्री) भनी गरिएको छ।

**भु** शब्दको अर्थ पुष्ट गर्न यस ताम्रपत्रको पाठ उद्धरण गरिए तापनि उद्धरण गरिएको त्यस वाक्यमा **भु** नभई **ठु** नै छ। **कंसबांडल**को अर्थ दिंदा उद्धरण गरिएको वाक्यांशमा **भु** र **भु**को अर्थ दिंदा भने त्यही वाक्यमा **ठु** भन्ने पाठ त्यस कोषमा दिइएकोले त्यस ताम्रपत्रको आधारमा शब्द चढाउँदा त्यही अक्षरलाई त्यस कोषमा काम गर्ने कसैले **ठु** र कसैले **भु** भनी पढेको यताबाट देखिन्छ। तर त्यस कोषका, पाँच तहमा बाँडिएका, कमलप्रकाश मल्लसमेत सात जना सम्पादकमध्ये कसैको पनि यस व्याघातोक्तिपट्टि आँखा परेनछ।

**कन्हवन्ह मंठे** र **कन्हवन्ह सिठिं** भन्ने शब्द त्यस कोषमा चढेका छन् र त्यहाँ पहिलो शब्दको अर्थ **ए काइन्ड् अफ् केक् अर् ब्रेड् मेड् अफ् म्याश्ड् बीन्न् अर् पल्स्इज्** (बोडीसिमी वा दाल पिनेर बनाइएको एक प्रकारको केक अथवा रोटी) र दोस्रो शब्दको अर्थ **नेम् अफ् ए नेवार् फेस्टिभल्** (एउटा नेवारी चाडको नाउँ) भनी गरिएको छ। पहिलो शब्दको आफूले दिएको अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको **कन्हवन्ह मंठे त्यवछि केन द्वाको छोडाव येने** भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ **केक्स् ब्रेड् फ्रम् टु यान्ड् ए हाफ् माना अफ् बीन्न् विल् बी टेक्अन् (यान् अफ्अरिङ्)** (साढे दुइ माना बोडीसिमीको, खालि आँचबाट पकाइएका, केक (चढाउने कुराको रूपमा) लग्नुपर्नेछ) भनी गरिएको छ। दोस्रो शब्दको आफूले दिएको अर्थ पुष्ट गर्न त्यस ताम्रपत्रको माथि भरखरै उद्धरण गरिएको वाक्यका अगाडिका ३ शब्दसमेत थपी त्यही वाक्य अर्थात् **कन्हवन्ह सिठिं कोन्हु कन्हवन्ह मंठे त्यवछि केन द्वाको छोडाव येने**को उद्धरण गरी त्यसको अर्थ **अन् द डे अफ् द कन्हवन्ह सिठिं फेस्टिभल्, राइस् पेस्ट्रिज् ब्रेड् फ्रम् टु यान्ड् ए हाफ् माना अफ् राइस् फ्लाउर् विल् बी टेक्अन् (याज् अफ्अरिङ्)** (कह्वह सिठिं चाडको दिन, साढे दुइ माना चामलको पीठोको, खालि आँचबाट पकाइएको, चामलको सुख्खा रोटी (चढाउने कुराको रूपमा) लग्नुपर्नेछ) भनी गरिएको छ। एउटै शब्द अर्थात् **कन्हवन्ह**को अर्थ त्यस कोषमा दुइ ठाउँमा भिन्नाभिन्नै परेको यताबाट स्पष्ट देखिन्छ।

---

१५. त्यस ताम्रपत्रको पाठ पढ्ने र उल्था गर्ने काम सबभन्दा पहिले सिद्धिहर्ष वज्राचार्य (वि.सं. १९३६-२००९)ले गरेका हुन्। उनको पाठ र उल्थाको लागि महेशराज पन्त २०६२:१५-१७ हेर्नू।

१६. त्यस ताम्रपत्रको हाम्रोतर्फबाट यहाँ उद्धरण गरिएको पाठ महेशराज पन्त (छापिन बाँकी)अनुसारको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



**जुधान पुनिशि** शब्द त्यस कोषमा चढेको छ र त्यसको अर्थ **द फुल्-मून् डे अफ् द लूनर् मन्थ्** (चान्द्र मासको पूर्णिमा) भनी गरिएको छ। यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको **जुधान पुनिशिकोन्हु, सके माडा बुबुजाया**[१७] **फछि केन** भन्ने वाक्यांशको उद्धरण गरी त्यसको अर्थ **अन् द फुल्-मून् डे अफ् कार्तिक शुक्ल, एर्अम् कालोकासिआ**[१८] **यान्ड् बन् यूनिट् मेफ़ुअर् अफ् राइस् बइल्ड् इन् मिल्क्** (**विल् बी अफ़्अर्ड्**) (कार्तिकशुक्लको पूर्णिमामा, पिँडालु र दूधमा उमालेको चामलको एकांश नापो (चढाउनुपर्नेछ)) भनी गरिएको छ।

त्यस कोषमा अघिल्लोचाहिँ सकर्मक **माडा/माने** धातुको अर्थ पुष्ट गर्न पनि संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रबाट भरखरै माथि उद्धरण गरिएको वाक्यांशमा सबभन्दा अगाडि रहेको **जुधान** शब्द छोडी **पुनिशि**देखि मात्र उठाई त्यस वाक्यांशको उद्धरण त्यस कोषमा गरिएको छ। त्यहाँ त्यसको अर्थ **अन् द फुल्-मून् डे, एर्अम् काल्कोसिआ**[१९] **यान्ड् वन् यूनिट् मेफ़ुअर् अफ् राइस् बइल्ड् इन् मिल्क्** (**विल् बी अफ़्अर्ड्**) (पूर्णिमामा, पिँडालु र दूधमा उमालेको चामलको एकांश नापो (चढाउनुपर्नेछ)) भनी गरिएको छ।

पिँडालु र दूधमा उमालेको चामल अर्थात् **खीर** चढाउनुपर्ने यताबाट बुझिन्छ। **सके**को अर्थ **पिँडालु** र **माडा**को अर्थ **उसिन्नु** हो भन्ने थाहा पाउन अरू कोष पल्टाउनुपर्दैन, त्यही कोषमा **सके** र **माडा/माने**को अर्थ हेरे हुन्छ। यसो हुँदा हुँदै पनि त्यस ताम्रपत्रको **सकेमाडा**को अर्थ गर्दा **एर्अम् कालोकासिआ** अर्थात् **पिँडालु** मात्र गरिएको छ। त्यस ताम्रपत्रमा **सके**सँग **माडा** आएकोले र **बुबु**सँग **बाया** आएकोले **उसिनेको पिँडालु** र **खुवा** चढाउनुपर्ने स्पष्ट हुन्छ। चामल चढाउनुपर्ने कुरा त्यस ताम्रपत्रमा यस

---

१७. मूलमा **बुबुजाया** नभई **बुबु बाया** छ। सिद्धिहर्ष वज्राचार्य (महेशराज पन्त २०६२:१६)ले **बुबु बाया** नै पढेका छन्। डिल्लीरमण रेग्मी (२०२३:६०)ले चाहिँ **इहुजाया** भन्ने अनौठो पाठ दिएका छन्। गोविन्द टण्डन (२०५६:१२७)ले चाहिँ **बुबू बाया** पढेका छन्।

१८. यहाँ यस शब्दको हिज्जे **सी ए एल् ओ सी ए एस् आइ ए** दिइएको छ। यस शब्दको शुद्ध हिज्जे **सी ओ एल् ओ सी ए एस् आइ ए** हो (ठाकुरलाल मानन्धर २०४३:फकंको अर्थमा, उल्रिक कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्य २०५१:फकं र सकिको अर्थमा, एस. ईश्वरानन्द २०५२:फकंको अर्थमा,* इश्वरानन्द श्रेष्ठाचार्य र तीर्थराज तुलाधर २०५४:फकं र सकिको अर्थमा, केशव श्रेष्ठ २०५४/५५:११५, नारायणप्रसाद मानन्धर २०५८/५९:१६६)।

१९. यहाँ यस शब्दको हिज्जे **सी ए एल् सी ओ एस् आइ ए** दिइएको छ। माथि **जुधान पुनिशि**को प्रसङ्गमा यही शब्दको हिज्जे **सी ए एल् ओ सी ए एस् आइ ए** दिइएको छ (अघिल्लो टिप्पणी हेर्नू)। माथि **एल्**पछि **ओ** आएर मात्र **सी** आएको छ, यहाँ भने **एल्** र **सी**को बीचमा **ओ** छैन। त्यस्तै गरेर माथि दोस्रो **सी**पछि **ए** आएको छ यहाँ भने **ए**को ठाउँ **ओ**ले लिएको छ। यस शब्दको शुद्ध हिज्जे **सी ओ एल् ओ सी ए एस् आइ ए** हो भनी अघिल्लो टिप्पणीमा लेखिइसकियो। कति हेलचक्र्याइँ गरेर यो कोष कमलप्रकाश मल्लहरूले निकालेका रहेछन् भन्ने कुराको यो एउटा नमूना हो।

---

* यही कोषमा सकिको अर्थमा चाहिँ यही शब्दको हिज्जे **बिग्री सी एल् ओ एल् सी ए एस् आई ए** भएर छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



प्रसङ्गमा कहीं आएको छैन, १ पाथी चामलबाट जति पिंडालु र खुवा आउँछ, त्यति चढाउनुपर्छ भन्ने आशय ताम्रपत्रको हो ।

**जुघान पुनिशि**को अर्थ पुष्ट गर्न त्यस ताम्रपत्रको माथि भरखरै उद्धरण गरिएको वाक्यांशको अर्थमा त्यस कोषमा **जुघान पुनिशि**को ठीक अर्थ गरे तापनि यो शब्द कोषमा वर्णक्रमअनुसार राखिँदा भने **ब फुल्-मून् डे अफ् ब लूनर् मन्थ्** (चान्द्र मासको पूर्णिमा) भनी गरिएकोले सौर मासको पनि पूर्णिमा हुँदो रहेछ भन्ने अर्थ आउँछ भनी भनिरहनुपरोइन । फेरि **माङा/माने**को अर्थ पुष्ट गर्न त्यस ताम्रपत्रको त्यही वाक्यांशको अर्थमा **जुघान** शब्द छोडी **पुनिशि**देखि मात्र उठाई त्यस वाक्यांशको अर्थमा पनि **फुल्-मून् डे** अर्थात् **पूर्णिमा** मात्र लेखिएकोले हरेक पूर्णिमामा यी कुरा चढाउनुपर्ने हो कि भन्ने अर्थ आउँछ ।

**ढालरपे** धातु त्यस कोषमा चढेको छ र त्यसको अर्थ **टु क्याच्** (समात्नु) भनी गरिएको छ । यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको **न्हिठंडन न्हिन स्वंपोल धारे गाडु ढालरपे** भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ **एभ्रि डे द डङ्किन्ज् विल् बी कट् फर् थ्री टाइम्न्ज्** (हरेक दिन गधाहरू तीनफेर समात्नुपर्नेछ) भनी गरिएको छ । आफैंले गरेको अर्थमा पत्यार नलागेर होला, अर्थ दिएपछि प्रश्नचिह्न हालिएको छ ।

क्रियाविशेषण **न्हिन**को अर्थ पुष्ट गर्न पनि संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रबाट भरखरै माथि सारिएको वाक्यको उद्धरण त्यस कोषमा गरिएको छ । त्यहाँ त्यसको अर्थ **ब डङ्किन्ज् विल् बी रिलीस्ड् एभ्रि डे फर् थ्री टाइम्न्ज्** (गधाहरू हरेक दिन तीनफेर छोड्नुपर्नेछ) भनी गरिएको छ । एकचोटि **समात्नु** र अर्कोचोटि **छोड्नु** भनी हाँसोउठ्दो ढङ्गले **ढालरपे**को अर्थ त्यस कोषमा गरिएको यताबाट स्पष्ट भएको छ ।

**त्यवछि** शब्द त्यस कोषमा चढेको छ र त्यसको अर्थ **यूनिट् अफ् मेफ्अर्मन्ट् इक्विभ्अलन्ट् टु फोर् मानान्** (चार माना बराबर नापोको एकांश) भनी गरिएको छ । तर त्यही कोषमा अन्यत्र यसको अर्थ **टू यान्ड् ए हाफ् माना**[20] (साढे २ माना) भनी गरिएको देख्दा ७ जना मिली सम्पादन गरेको भए तापनि यस कोषको सम्पादन राम्ररी भएको छैन भनी भन्नैपर्छ ।

---

२०. **कन्हबन्ह मंठे, कन्हबन्ह** सिठिं र **प्वसपुनि**को अर्थ पुष्ट गर्दा । अघिल्ला दुइ शब्दको अर्थ पुष्ट गर्दा त्यस कोषमा लेखिएको कुराको लागि माथि २० पृष्ठ हेर्नू । **प्वसपुनि**को अर्थ पुष्ट गर्ने प्रसङ्गमा संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको **प्वसपुनिसि कोन्हु म्वाटमंठे त्यवछि केन द्वाको छोङाव येने** भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ **प्यान्केक्स् मेड् फ्रम् टू यान्ड् ए हाफ् मानान् अफ् सड्बीन् विल् बी टेक्वन् अन् ब फुल्-मून् डे अफ् पोहेला** (साढे दुइ माना मटमासको, बालि आँचबाट पकाइएको, प्यानकेक पूस महीनाको पूर्णिमामा लग्नुपर्नेछ) भनी गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



**त्यवत्या** शब्द त्यस कोषमा चढेको छ र त्यसको अर्थ **टू यान्ड् ए हाफ् मानान्** (२ माना र आधा) भनी गरिएको छ । यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र औंल्याइएको छ। त्यस ताम्रपत्रमा **अमस छता के स्वता चि चेकन थ्वतेन त्यवत्या के ह्लाने** भन्ने वाक्य आएको छ। यस वाक्यको शब्दार्थ गर्दा यस्तो अर्थ

**अमस[21] एक थोक, दाल तीन थोक, नून तेल यति साढे दुइ कुरुवा चामलले पुऱ्याउने ।**

आउँछ ।

**त्यव** र त्यसको पछाडि आएको **१** बुझाउने **छि** मिली बनेको **त्यवछि** शब्दले **२ कुरुवा** अर्थात् **४ माना** बुझाएपछि **छि**को ठाउँमा बस्न आएको **आधा** बुझाउने **त्या** मिली बनेको **त्यवत्या** शब्दले **साढे २ कुरुवा** अर्थात् **साढे ४ माना/४ माना र आधा** नबुझाई **२ माना र आधा** कसरी बुझायो, यो त कमलप्रकाश मल्ल र उनको गणलाई नै थाहा होला । नेवारी जन्मभाषा भएका यी कोषकारहरूले यो अर्थ गर्नुभन्दा अगाडि **१ महीना** बुझाउने **लछि**को **छि**को ठाउँमा **आधा** बुझाउने **त्या** बस्न गई बन्न गएको, **४५ दिन** बुझाउने **लत्या** र **वर्ष दिन** बुझाउने **बछि**को **छि**को ठाउँमा **त्या** बस्न गई बन्न गएको, **डेढ वर्ष** बुझाउने **बत्या** जस्ता शब्द र मूल शब्द **निर्का** (२ रुपैयाँ)मा **त्या** जोडिई बनेका **निर्कात्या** (साढे २ रुपैया/५ मोहर) जस्ता शब्द मात्र सम्झेको भए पनि यस्तो अनर्थ हुने थिएन ।

**फंछि** शब्द त्यस कोषमा चढेको छ र त्यसको अर्थ **अ यूनिट् अफ् मेफ्अर्/ए पाथी** (नापोको एकांश/पाथी) भनी गरिएको छ । तर त्यही कोषमा संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा आएको, **फंछि**को रूपान्तर **फछि**को अर्थ अन्यत्र[22] **वन् यूनिट् मेफ्अर्** (एकांश नापो) भनी गरिएकोले यस शब्दको वास्तव अर्थ थाहा नभएको जस्तो भान पर्छ ।

**लिंपीट** शब्द त्यस कोषमा चढेको छ र त्यसको अर्थ **ए येल्लो गारमन्ट्** (पहेँलो लुगा) भनी गरिएको छ। यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको **लिंपीट ङचाङाव गावोपाटा बो ह्लेले** भन्ने वाक्यको उद्धरण गरी त्यसको अर्थ **बिल् बाइ ब येल्लो गारमन्ट् फर् ब ओल्ड् ड्रेसेज्** (पुराना लुगाको साटो पहेँलो लुगा किन्नुपर्नेछ) भनी गरिएको छ ।

**गावोपाटाबो** शब्द त्यस कोषमा चढेको छ र त्यसको अर्थ **ए काइन्ड् अफ् फ्लाउर्** (एक प्रकारको फूल) भनी गरिएको छ । यो अर्थ पुष्ट गर्न पनि संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रबाट भरखरै माथि उद्धरण गरिएको वाक्यमा सबभन्दा अगाडि रहेका २ शब्द अर्थात् **न्हस बामन** थपी, माथि **गावोपाटा बो**

२१. यस शब्दको अर्थको विषयमा महेशराज पन्त (छापिन बाँकी)मा लेखिएको छ ।

२२. **जुधान पुनिशि** र सकर्मक **माछा/माने** को अर्थ पुष्ट गर्दा । त्यस कोषमा यी विषयमा लेखिएको कुराको लागि माथि २१-२२ पृष्ठ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



पढेकोलाई **गावोपाटाबो** पढी त्यस वाक्यको उद्धरण त्यस कोषमा गरिएको छ। त्यहाँ त्यसको अर्थ **टु इक्स्चेन्ज् (बाइ ?) सम् फ्लाउरज् विद् सेभ्न् बाम** (७ दामसँग केही फूल साट्नु ([७ दामले केही फूल] किन्नु ?)) भनी गरिएको छ; तर त्यही वाक्यमा परेको र त्यही कोषमा चढेको **लिंपीट**को अर्थ यहाँ छोडिएको छ।

**हेले** धातु त्यस कोषमा चढेको छ र त्यसको अर्थ **टु चेन्ज् ?** (फेर्नु ?) भनी गरिएको छ। यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रबाट माथि भरखरै उद्धरण गरिएको वाक्यको उद्धरण त्यस कोषमा गरिएको छ। त्यहाँ भने **गावोपाटा वो** पनि होइन, **गावोपाटाबो** पनि होइन, **गावो पाटाबो** पाठ दिइएको छ। त्यहाँ त्यस वाक्यको अर्थ **टु बाइ सम् येल्लो क्लोद्ज् फर् सेभ्न् दाम यान्ड् इक्स्चेन्ज् देम् फर् ब शल् यान्ड् ब पीसइन् अफ् ए ड्रेस्** (पहेँलो केही लुगा सात दामले किन्नु र तिनसँग पछ्यौरा र लुगा हाल्न कपडा साट्नु) भनी गरिएको छ।

**हंने** धातु त्यस कोषमा चढेको छ र त्यसको अर्थ **टु सेल्तुद्लेट्** (मान्नु) भनी गर्दा गर्दै पनि आफूले गरेको अर्थमा आफैलाई पत्यार नलागेर अर्थ दिएपछि २ वटा प्रश्नचिह्न त्यहाँ हालिएको छ। यो अर्थ पुष्ट गर्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको **थ्वतेन त्यवत्या के हंने** भन्ने वाक्यको उद्धरण त्यस कोषमा गरिएको छ। त्यहाँ त्यसको अर्थ **सिम्इलर्लि, टू यान्ड् ए हाफ् माना अफ् राइस् विल् बी टेकअन् टु सेल्तुद्लेट्** (**ब गुठी**) (उस्तै किसिमले, साढे दुइ माना चामल (गूठी) मान्न लग्नुपर्नेछ) भनी गरिएको छ। **हंने**को अर्थ **टु सेल्तुद्लेट्** अर्थात् **मान्नु** भन्ने अर्थ कमसेकम यहाँ अप्रासङ्गिक छ भनी भनिरहनु नपर्ला। फेरि त्यस ताम्रपत्रमा यस प्रसङ्गमा **चामल** लग्ने कुरा पनि परेको छैन, यति चामलले साटेर यी कुरा लग्ने भन्ने स्पष्ट बुझिन्छ।[२३] **त्यवत्याको** अर्थ **टू यान्ड् ए हाफ् माना अर्थात् साढे दुइ माना**[२४] भनी अर्थ गर्नेबाट यसभन्दा गतिलो अर्थ के आउँछ र।

कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा निस्केको कोषमा यस्ता गल्ती बग्रेल्ती छन्। माथि जे जति देखाइए, ती त नमूना मात्रै हुन्।

---

२३. माथि २३ पृष्ठमा हेर्नू।
२४. माथि २३ पृष्ठमा हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको* वर्णक्रमअनुसारको तालिका

इश्वरानन्द[१] श्रेष्ठाचार्य र तीर्थराज तुलाधर २०५४

= वि.सं. २०५४ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, इश्वरानन्द श्रेष्ठाचार्य सम्पादक र तीर्थराज तुलाधर अङ्ग्रेजीको सम्पादक भएको *नेवार-नेपाली-अङ्ग्रेजी शब्दकोश*।

उल्रिक[२] कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्य २०५१

= ई.सं. १९९४ (वि.सं. २०५१) मा बोनबाट फेर्लाइनिगुङ्ङ फीर गेशिक्त्सविस्सेनशाफ्त होकबाजीयन्ज-विस्सेनशाफ्तफेर्लाकद्वारा प्रकाशित, उल्रिक[२] कोल्फर र ईश्वरानन्द श्रेष्ठाचार्यको[३] *ए डिक्शन्अरि अफ् कन्टेम्पररि नेवारी* (चलनचल्तीको नेवारीको कोष)।

एस. ईश्वरानन्द २०५२

= ई.सं. १९९५ (वि.सं. २०५२) मा काठमाडौँबाट पिल्ग्रिम्ज बुक हाउसद्वारा प्रकाशित, एस. ईश्वरानन्दको ए कन्साइज् *डिक्शन्अरि : नेवार्-इङ्ग्लिश्* (संक्षिप्त कोष – नेवार [भाषा]-अङ्ग्रेजी)।

कमलप्रकाश मल्ल २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०) मा काठमाडौँबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित, पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा सम्पादित *नेपाल् इन् पर्स्पेक्टिम्* (पर्यालोक्यअनुसारको नेपाल)का २६३-२९० पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *दि इन्टिलेक्टयुअल् इन् नेपालीज् ससाइइटि* (नेपाली समाजमा बुद्धिजीवी)।

कमलप्रकाश मल्ल २०६१

= ई.सं. २००४ (वि.सं. २०६१) मा काठमाडौँबाट लिङ्ग्विस्टिक ससाइइटि अफ नेपालद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *पलिटिक्स्, एड्युकेशन्, यान्ड् द लेबर् पेन्ज् अफ् लिङ्ग्विस्टिक्स् इन् नेपाल्* (राजनीति, शिक्षा र नेपालमा भाषाशास्त्रका प्रसववेदना)।

कमलप्रकाश मल्ल २०६१ क

= वि.सं. २०६१ मा काठमाडौँबाट नेपाल टेक्स्ट सोसाइटीद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *नेपालका इतिहास-संशोधकहरूको उत्थान र पतन*।

कमलप्रकाश मल्ल २०६२

= वि.सं. २०६२ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टडइज्* (नेपालविषयका विद्यासम्बन्धी लेख) ३२ वर्ष १ अङ्क[४]का १-४९ पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *मानदेव संवत् : यान् इन्भेस्टिगेशन् इनटु यान् हिस्टरइकल् फ्रड्* (मानदेवसंवत्– इतिहाससम्बन्धी जालसाजीको जाँचपडताल)।

कमलप्रकाश मल्ल २०६२ क

= ई.सं. २००५ (वि.सं. २०६२) मा काठमाडौँबाट लिङ्ग्विस्टिक ससाइइटि अफ नेपालद्वारा प्रकाशित; योगेन्द्र यादव, गोविन्द भट्टराई, रामराज लोहनी, बलराम प्रसाईं र कृष्ण पराजुलीद्वारा सम्पादित *कन्टेम्पररि इस्युज् इन् नेपालीज्*

---

* कुनै कृतिमा रचयिताको नाम नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार राखिएको छ।

१. आफ्नो नाउँ जानाजान इश्वरानन्द लेखेको।

२. यस नाउँको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ।

३. यसमा सहायक दयारत्न शाक्य र निर्मलमान तुलाधर।

४. यस अङ्कमा ई.सं. २००५ जनवरीको मिति दिइएकोले यो वि.सं. २०६१ पौष-माघमै प्रकाश भइसकेको देखिन्छ। तर बजारमा वि.सं. २०६२।१।१७ मा मात्र यो आएकोले मैले यसको प्रकाशनमिति २०६२ भनी लेखेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



*लिङ्ग्विस्टिक्स्* (नेपाली भाषाशास्त्रमा सामानकालिक विषयवस्तु)का ५५७-५७४ पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *पलिटिक्स्, एडयुकेशन्, यान्ड् द लेबर् पेन्ज् अफ् लिङ्ग्विस्टिक्स् इन् नेपाल्* (राजनीति, शिक्षा र नेपालमा भाषाशास्त्रको प्रसववेदना) ।

कमलप्रकाश मल्ल र पशुपतिशमशेर जङ्गबहादुर राणा २०३०

= ई.सं. १९७३ (वि.सं. २०३०) मा काठमाडौंबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित, पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा सम्पादित *नेपाल् इन् पर्स्पेक्टिभ्* (पर्यालोक्यअनुसारको नेपाल)का १-२३ पृष्ठमा छापिएको, कमलप्रकाश मल्ल र पशुपतिशमशेर जङ्गबहादुर राणाको *नेपाल् इन् पर्स्पेक्टिभ् : यान् इनट्रडक्शन्* (पर्यालोक्यअनुसारको नेपाल – उपोद्घात) ।

कमलप्रकाश मल्ल आदि २०५७[५]

= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौंबाट च्वसा पासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तयार भएको *ए डिक्शनरि अफ् क्ल्यासिक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यानुस्क्रिप्ट् सोर्सेज्* (लेखोट पुस्तकहरूबाट [शब्द]सङ्कलन गरिएको, पुरानो नेवारीको कोष) ।

केशव श्रेष्ठ २०५४/५५

= ई.सं. १९९८ (वि.सं. २०५४/५५) मा काठमाडौंबाट मण्डल बुक पइन्टद्वारा प्रकाशित, केशव श्रेष्ठको *डिक्शनरि अफ् नेपालीज् प्लान्ट् नेम्ज्* (नेपाली बोटबिरुवाको अभिधान) ।

*गुठीको समाचार* २०६१

= वि.सं. २०६१ मा ललितपुरबाट मदन पुरस्कार गुठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)* १८१ पूर्णाङ्कका १, ३-४३ पृष्ठमा छापिएको *गुठीको समाचार* ।

*गोपालराजवंशावली*

= ई.सं. १९८५ (वि.सं. २०४२) मा विस्बादनबाट फ्रन्त्स श्ट्याइनर फेर्लाकद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको *द गोपालराजवंशावली* (गोपालराजवंशावली) ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौंबाट झरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

ज्ञानमणि नेपाल २०४३

= वि.सं. २०४३ मा काठमाडौंबाट महेशराज पन्तद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा* ।

ज्ञानमणि नेपाल २०६२

= वि.सं. २०६२ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* २७२ पूर्णाङ्कका ७१-८३ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *अद्वितीय विद्वान् नयराज पन्तको अवदान* ।

ठकुरलाल मानन्धर २०४३

= ई.सं. १९८६ (वि.सं. २०४३) मा दिल्लीबाट आगमकला प्रकाशनद्वारा प्रकाशित र आन भरगतिद्वारा सम्पादित, ठकुरलाल मानन्धरको *नेवारी-इङ्ग्लिश् डिक्शनरि* (नेवारी-अङ्ग्रेजी कोष) ।

ढिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, ढिल्लीरमण रेग्मीको *मेड्इभल् नेपाल्* (मध्यकालको नेपाल) ३ भाग ।

---

५. यस कोषमा परेका शब्दको सङ्कलन काशीनाथ तमोट आदि ९ जनाले र यस कोषको सम्पादन कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तेजरत्न कंसकार आदि ६ जनाले गरेका हुन् भन्ने कुरा यही कोषमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



दिनेशराज पन्त २०५४
= वि.सं. २०५४ वैशाख १२ गते काठमाडौंबाट प्रदीपमान श्रेष्ठद्वारा प्रकाशित *देशयूमरु भ्याः* (देशमै नभएको भ्याल) ४ वर्ष १५ अङ्कको २ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *लिच्छविकालय् छ्यःगु संवत्या विषयय् न्यंकातःगु भ्रम – १* (लिच्छविकालमा चलेका संवत्को विषयमा फैलाइएको भ्रम – १) ।

दिनेशराज पन्त २०५४ क
= वि.सं. २०५४ वैशाख १९ गते प्रकाशित *देशयूमरु भ्याः* ४ वर्ष १६ अङ्कको २ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *लिच्छविकालय् छ्यःगु संवत्या विषयय् न्यंकातःगु भ्रम –२* ।

दिनेशराज पन्त २०५४ ख
= वि.सं. २०५४ ज्येष्ठ ४ गते काठमाडौंबाट कामना प्रिन्टिङ्ग एण्ड पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित *आजको समाचारपत्र* २ वर्ष १२७ अङ्कको ५ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *लिच्छविकालमा चलेका संवत्बारे फैलाइएको भ्रम* ।

दिनेशराज पन्त २०५४ ग
= वि.सं. २०५४ मा प्रकाशित *पूर्णिमा* ९२ पूर्णाङ्कका ५२-५५ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *अशोकको खामोलाई फलामको र दण्डीको काव्यादर्शलाई नाटक भनेर लेख्ने कमलप्रकाश मल्लबाट के लिच्छविकालमा चलेका संवत्को निर्णय हुन सक्ला त ?*

नारायणप्रसाद मानन्धर २०५८/५९
= ई.सं. २००२ (वि.सं. २०५८/५९) मा पोर्टल्यान्डबाट टिम्बर प्रेसद्वारा प्रकाशित, नारायणप्रसाद मानन्धरको *प्लान्ट्स् यान्ड् पीप्ल् अफ् नेपाल्* (नेपालका बोटबिरुवा र मानिस) ।

पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्ल २०३०
= ई.सं. १९७३ (वि.सं. २०३०) मा काठमाडौंबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित, पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा सम्पादित *नेपाल् इन् पर्स्पेक्टिभ्* (पर्यालोच्यअनुसारको नेपाल) ।

पिनाकिप्रसाद उपाध्याय आचार्य २०२२
= वि.सं. २०२२ मा विराटनगरबाट पिनाकिप्रसाद[७] उपाध्याय आचार्यद्वारा प्रकाशित, उनैको *साहित्यमा डकैति* ।

पिनाकिप्रसाद उपाध्याय आचार्य २०२४
= वि.सं. २०२४ मा पिनाकिप्रसाद आचार्यद्वारा प्रकाशित, उनैको *संशोधन-मण्डलको जिद्दी* ।

[*पूर्णिमा*का] सम्पादक २०४१
= वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६२ पूर्णाङ्कका ११-२३ पृष्ठमा छापिएको, [*पूर्णिमा*का] सम्पादकको *वाङ्मुख* ।

*मदन पुरस्कार स्वर्ण वर्ष २०६१*
= वि.सं. २०६१ मा ललितपुरबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित *मदन पुरस्कार स्वर्ण वर्ष स्मारक स्वर्णमुद्रा निष्कासन* ।

महेशराज पन्त २०३१
= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३२ पूर्णाङ्कका २५०-२६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेपाल् इन् पर्स्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि* ।

महेशराज पन्त २०४०
= वि.सं. २०४० मा प्रकाशित *पूर्णिमा* ५८ पूर्णाङ्कका १-२९ पृष्ठमा छापिएको, महेशराज पन्तको *के श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन-मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त ?*

---

६ यसमा सहायक सञ्जय मानन्धर ।
७. यहाँ पिनाकीप्रसाद छापिएको छ । उनको अर्को पुस्तिका (पिनाकिप्रसाद उपाध्याय आचार्य २०२४)मा पिनाकिप्रसाद छापिएकोले र शुद्ध पनि पिनाकिप्रसाद नै हुने हुनाले यहाँ पनि पिनाकिप्रसाद नै लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



महेशराज पन्त २०४० क

= ई.सं. १९८४ (वि.सं. २०४०) मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित, उनैको *इनेप्ट् स्पेसइमिन् ?* (अनुपयुक्त नमूना ?) ।

महेशराज पन्त २०४१

= वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६४ पूर्णाङ्कका ३९-४७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेपाल् इन् परस्पेक्टिभ्को गर्भमा रहेको संस्करणको विषयमा* ।

महेशराज पन्त २०४३

= वि.सं. २०४३ मा प्रकाशित *पूर्णिमा* ६९ पूर्णाङ्कका २०-२६ पृष्ठमा छापिएको, महेशराज पन्तको *टिप्पनको पुस्तक – मेरो केही विचार भन्ने लेख पढिसकेपछि* ।

महेशराज पन्त २०४३ क

= *पूर्णिमा* ६९ पूर्णाङ्कका २६-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १२२६ देखि १५१३ सम्मका पन्धवटा पुष्पिका* ।

महेशराज पन्त २०४३ ख

= वि.सं. २०४३ मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*मा १-२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *किन म यस पुस्तकको प्रकाशक बनें ?*

महेशराज पन्त २०४४

= वि.सं. २०४४ मा प्रकाशित *पूर्णिमा* ७२ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, नहेशराज पन्तको *द गोपालराजवंशावली सरसरी हेर्दा* ।

महेशराज पन्त २०५०

= ई.सं. १९९३ (वि.सं. २०५०) मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* १ सङ्ख्याका १७-७६ पृष्ठमा छापिएको, महेशराज पन्तको *अन् रीड्इङ् द गोपालराजवंशावली* (*द गोपालराजवंशावली* हेर्दा) ।

महेशराज पन्त २०५८

= ई.सं. २००२ (वि.सं. २०५८) मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका २९-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ए स्टेप् टुवर्ड्ज् ए हिस्टरइक्ल् साइज्मिसिटि अफ् नेपाल्* (नेपालमा गएका भैँचालाहरूको इतिहासतिर चालिएको एक पाइला) ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११२ पूर्णाङ्कका १-१० पृष्ठमा छापिएको, महेशराज पन्तको *प्राचीन कालमा नेपालको विस्तारको विषयमा एउटा नयाँ लेख हेर्दा* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था* ।

महेशराज पन्त छापिन बाँकी

= *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

राजेश आचार्य २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज शिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज* पन्तका १५०-१५७ पृष्ठमा छापिएको, राजेश आचार्यको *नयराज गुरुलाई सम्झँदा* ।

सुरेन्द्र के.सी. २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुन साहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज शिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज* पन्तका १५८-१६४ पृष्ठमा छापिएको, सुरेन्द्र के.सी.को *नयराज पन्त बिनाको इतिहास-अनुसन्धान* ।

*हाम्रो वक्तव्य* २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १४ पूर्णाङ्कका २०९-२१६ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य* ।

हाम्रो वक्तव्य २०२४ क

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ पूर्णाङ्कका ४४५-४५९ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(*पूर्णिमा* १२० पूर्णाङ्कको ६२ पृष्ठपछि)

# लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची

– महेशराज पन्त

### २८. वि.सं. १८४४ (अमान्तमानअनुसारको)

**९.२ अङ्गुल लम्बा, ६.४ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको। पत्रपत्र सिएको। जम्मा १४ पत्र। ठाउँठाउँमा कीराले खाएको।**

**पहिलो पृष्ठको पत्रको फ्याक्सिमिलि**



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





आषाढकृष्णपछिको पक्ष भएको पत्रको फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



आषाढकृष्णपछिको दोस्रो पक्ष भएको पत्रको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## २९. वि.सं. १८४७

७.८ अङ्गुल लम्बा, ६.२ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १६ पत्र ।

### वैशाखकृष्णपक्ष भएको पत्रको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





अधिकाषाढशुक्लपक्ष भएको पत्रको प्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ३०. वि.सं. १८४७

०.५ अङ्गुल लम्बा, ६.२ अङ्गुल चौडा एकातिर हरिताल लाएको नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १४ पत्र ।



पहिला पृष्ठको फ्याक्सिमल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





अधिकाषाढकृष्णपक्ष भएको पत्रको फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





अधिकाषाढशुक्लपक्ष भएको पत्रको फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ३१. वि.सं. १८४८

८.१ अङ्गुल लम्बा, ६.३ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १३ पत्र ।



चैत्रशुक्लपक्ष भएको पत्रको फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ३२. वि.सं. १८४८

८ अङ्गुल लम्बा, ६.३ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १४ पत्र । ठाउँठाउँमा कीराले काटेको ।

### वैशाखकृष्णपक्ष भएको पत्रको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ३३. वि.सं. १८४८

६.५ अङ्गुल लम्बा, ५.६ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १० पत्र । ज्येष्ठबदिभन्दा अगाडिका पत्र च्यातिएर गएको, ठाउँठाउँमा कीराले काटेको ।



श्रावणशुक्ल र भाद्रकृष्णपक्ष भएका पत्रका फ्याक्सिमिलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ३४. वि.सं. १८४८

८ अङ्गुल लम्बा, ६.३ अङ्गुल चौडा नेपाली पाको कागजका पत्रमा दुवैतिर कालो मसीले लेखेको । पत्रपत्र सिएको । जम्मा १६ पत्र ।

### आषाढकृष्णपक्ष भएको पत्रको फ्याक्सिमिलि



(बाँकी पछि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

# पण्डित कृष्णदत्त पन्त र अरू केही पण्डितहरूसँग सम्बद्ध ११ वटा पत्रका फ्याक्सिमिलि

– महेशराज पन्त

१ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका २८–२९ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





२ सङ्ख्याको पत्रको ११ पङ्क्तिसम्मको फ्याक्सिमिलि
यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कको ३१ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





२ सङ्ख्याको पत्रको १२ पङ्क्तिदेखि अन्त्यसम्मको फ्याक्सिमिलि

यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कका ३१-३२ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



३ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कको ३३ पृष्ठमा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ३४–३५ पृष्ठमा छ।




CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



५ सङ्ख्याको पत्रको ७ पङ्क्तिसम्मको फ्याक्सिमिलि
यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ३५–३६ पृष्ठमा छ ।


श्रीः
विज्ञप्तिपत्रम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



५ सङ्ख्याको पत्रको ८ पङ्क्तिदेखि अन्त्यसम्मको फ्याक्सिमिलि
यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ३६–३७ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri. 

## ६ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कको ४१ पृष्ठमा छ ।



विज्ञप्तिपत्रम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ७ सङ्ख्याको पत्रको ११ पङ्क्तिसम्मको फ्याक्सिमिलि

**यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ४३–४४ पृष्ठमा छ ।**



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



**७ सङ्ख्याको पत्रको १२ पङ्क्तिदेखि अन्त्यसम्मको फ्याक्सिमिलि**

**यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ४४–४५ पृष्ठमा छ।**



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



८ सङ्ख्याको पत्रको १२ पङ्क्तिसम्मको फ्याक्सिमिलि
यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ४५-४६ पृष्ठमा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



**८ सङ्ख्याको पत्रको १३ पङ्क्तिदेखि ३७ पङ्क्तिसम्मको फ्याक्सिमिलि**

**यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ४६-४८ पृष्ठमा छ।**



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ८ सङ्ख्याको पत्रको ३८ पङ्क्तिदेखि ६५ पङ्क्तिसम्मको फ्याक्सिमिलि

यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ४८–४९ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ८ सङ्ख्याको पत्रको ६६ पङ्क्तिदेखि ९५ पङ्क्तिसम्मको फ्याक्सिमिलि

यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ४९-५० पृष्ठमा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ८ सङ्ख्याको पत्रको ९६ पङ्क्तिदेखि १२२ पङ्क्तिसम्मको फ्याक्सिमिलि

यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ५०–५१ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



## ८ सङ्ख्याको पत्रको १२३ पङ्क्तिदेखि अन्त्यसम्मको फ्याक्सिमिलि

**यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ५१-५२ पृष्ठमा छ।**



(पछाडि पहिलो र दोस्रो ताउको गाँसमा तेर्सो पारेर)



(पछाडि दोस्रो र तेस्रो ताउको गाँसमा तेर्सो पारेर)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





१ सङ्ख्याको पत्रको १० पङ्क्तिसम्मको फ्याक्सिमिलि
यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कका ५२-५३ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



१ सङ्ख्याको पत्रको ११ पङ्क्तिदेखि २४ पङ्क्तिसम्मको फ्याक्सिमिलि
यसको पाठ *पूर्णिमा* १२० पूर्णाङ्कका ५३-५४ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





१ सङ्ख्याको पत्रको २५ पङ्क्तिदेखि अन्त्यसम्मैको फ्याक्सिमिलि
यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कको ५४ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





१० सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कका ५५-५६ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.





११ सङ्ख्याको पत्रको फ्याक्सिमिलि

यसको पाठ पूर्णिमा १२० पूर्णाङ्कका ५६-५७ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का.मे.अ.द.नं. १५५ २४९

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौं

नेपाल

फोन नं. ४-६७०३८०

४-३०१०२५

४-४३५७४९

ई-मेल - samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौं

वि.सं. २०६२ पौष

यस अङ्कको मूल्य रु. ७५।-

मुद्रक

लुष प्रेस

शङ्खमूल रोड, सुरुचिमार्ग, नयाँ बानेश्वर

काठमाडौं

नेपाल

फोन नं. ४-७८२८२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu